२०८२ को महासमीक्षा ... ३
गंगाजलको रहस्य ... ४
आकाश भैरव पौराणिक रहस्य .... ५
देश प्रयोगशाला मात्र भयो.... ६
पारदर्शिता कि कालो धनलाई वैधानिकता..... ७
सुडोकुको चुनौती... १०
प्रधानमन्त्री बालेनको पहिलो महिना... ११
आमाको मुख हेर्ने औँशी ... १३
संस्कृत भाषाः आधारभूत सर्वनाम परिचय... १४
नेपालको आधुनिक विकासका आधारस्तम्भ .... १६
विचारको क्रान्तिः श्रमको खेती र बिकेको राष्ट्रियता १८
भारतीय राजनीतिमा नयाँ अध्याय.... १६
वनजंगलमा लाग्ने डडेलो नियन्त्रण..... २२
बालेन सरकार को अध्यादेश प्याकेज २५
नेपाल सरकारले गुन्द्रुकको गुणस्तर मापदण्ड.... २७
अध्यादेशको महाभारत.... २८
शिक्षा क्षेत्रमा नयाँ तरंग ३०
सिडनीको तारोङ्गा जुमा नेपालीपन ... ३१
च्याम्पियन्स लिग फाइनल.... ३२





डा. सन्दुक रुइतको मानवीय मिसन, जसलाई अमेरिकाले बनायो उत्तर कोरियाभित्र 'जासुसी' गर्ने हतियार!

**१५** होर्मुज जलडमरू (Strait of Hormuz) पूर्ण रूपमा खुलाः इरानी विदेशमन्त्री






**२०** **सुधन गुरुङ प्रकरणः** राजनीतिक उदयदेखि राजीनामासम्मको नालीबेली




संगीत आकाशको चम्किलो तारा अस्तायो
स्वर किन्नरी आशा भोसलेको ९२ वर्षको उमेरमा निधन

काजिका द.नं. ३७३५३२/२०८२/८३

SAMAYA SUTRA

# समय सुत्र

वर्ष २, अङ्क ८ जेठ २०८३

प्रधान-सम्पादक
**सुनिलकुमार महत**

सम्पादक
**ज्योति आचार्य**

अध्यक्ष
**सुशील आचार्य**
प्रवन्ध निर्देशक
**सन्दीप मल्ल ठकुरी**

निर्देशक
**चिरञ्जीवी पाण्डे**

सल्लाहकार
**प्रो.डा. तेजबहादुरसिंह महत**
**रमा सिंह ठकुरी**
**शैलेश शाही**
**प्रेमराजा महत**
**मुनिन्द्र राजभण्डारी**
**मान बहादुर भोलन**
**राम चन्द्र कोईराला**

कानुनी सल्लाहकार
**अधिवक्ता प्रल्हादकुमार महत**
**अधिवक्ता अजय श्रेष्ठ**

संवाददाता
**महेश महत**

प्रमुख वितरक
**सुनिल के.सी.**
**भुवन अधिकारी**

प्रकाशक
**समयसूत्र मिडिया प्रा.लि.**

कार्यालय
का.म.न.पा.-३२, कोटेश्वर, काठमाडौं
सम्पर्क : ९७६९६७०१०१
इमेल : admin@samayasutra.com

डिजिटल पत्रिका :
www.samayasutra.com

युट्युब च्यानलः
SAMAYA SUTRA TV

मुद्रण
**मध्यपुर नाईन प्रेस**, अनामनगर, काठमाडौं

## ✍सम्पादकीय

### व्यवस्था फेरियो, अब अवस्था फेर्ने प्रण गरौं

नेपालको पछिल्लो पाँच दशकको इतिहास केवल समयको अन्तराल मात्र होइन, यो ठूला वैचारिक उथलपुथल, रगत र पसिनाको मूल्यबाट प्राप्त व्यवस्था परिवर्तनको महासंग्राम पनि हो । वि.सं. २०३० को दशकदेखि आज २०८० को दशकसम्म आइपुग्दा नेपालले निरंकुश पञ्चायती व्यवस्था, संवैधानिक राजतन्त्रसहितको बहुदलीय प्रजातन्त्र, १० वर्षे सशस्त्र द्वन्द्व र अन्ततः संघीय लोकतान्त्रिक गणतन्त्रको लामो यात्रा तय गरेको छ। यी ५० वर्ष नेपाली राजनीतिको 'क्रान्ति र प्रयोग' का वर्षहरू रहे ।


ऐतिहासिक जनआन्दोलन २०४६ र २०६२/६३ का जगमा उभिएर बनेको 'नेपालको संविधान २०७२' ले देशलाई नयाँ दिशा दियो । समावेशिता, धर्मनिरपेक्षता र संघीयता यसका मुख्य स्तम्भ बने। महिला, दलित, आदिवासी जनजाति र सीमान्तकृत समुदायको राज्यको मूल प्रवाहमा प्रतिनिधित्व सुनिश्चित हुनु लोकतन्त्रको सबैभन्दा सुन्दर पक्ष हो। तर, आजको मूल प्रश्न यो हो– के नागरिकले यो परिवर्तनको लाभांश आफ्नो घरदैलोमा प्राप्त गर्न सके त?

आजको यथार्थ निकै गम्भीर छ। संविधानका पानामा कोरिएका शिक्षा, स्वास्थ्य र रोजगारीका हकहरू अझै पनि सामान्य नागरिकका लागि 'आकासको फल' सरह छन् । राजनीतिक अस्थिरताको खेलले सिंहदरबारमा पात्रहरू त फेरिए, तर प्रवृत्ति फेरिएन । सुशासनको अभाव र संस्थागत भ्रष्टाचारले जनमानसमा निराशाको बीउ रोपेको छ। देशको ऊर्जावान् युवाशक्ति दिनहुँ खाडीको तातो घाममा आफ्नो भविष्य खोज्न बाध्य हुनुले हाम्रो राजनीतिक उपलब्धिलाई गिज्याइरहेको भान हुन्छ ।

**"संविधानको सफलता त्यसका अक्षरमा होइन, नागरिकले पाउने न्याय र महसुस गर्ने सुशासनमा मापन हुन्छ ।"**

अबको बाटो अलमलको हुनुहुँदैन । संविधानमा देखिएका कार्यान्वयनगत जटिलतालाई राजनीतिक इगो (अहंकार) त्यागेर सहमतिमूलक संशोधनमार्फत सम्बोधन गरिनुपर्छ । अबको प्राथमिकता 'सत्ताको लुछाचुँडी' होइन, 'आर्थिक समृद्धि र स्थिरता' हुनुपर्छ । संरचनागत परिवर्तनले मात्र पुग्दैन; त्यसलाई सञ्चालन गर्ने नेतृत्वमा नैतिकता, पारदर्शिता र उत्तरदायित्वको खडेरी अन्त्य हुन जरुरी छ ।

नेपालको उज्ज्वल भविष्य अब नेतृत्वको इमानदारिता र नागरिकको सचेतनाको मिलनविन्दुमा अडिएको छ। नागरिकले अब नेताको अन्धअनुकरण होइन, तथ्य र कार्यसम्पादनका आधारमा प्रश्न गर्ने आँट गर्नुपर्छ । ५० वर्षको राजनीतिक उपलब्धिलाई संस्थागत गर्दै अबको यात्रा 'समृद्ध नेपाल, सुखी नेपाली' को नारालाई व्यवहारमा उतार्ने दिशामा केन्द्रित होस् । व्यवस्था त फेरियो, अब नागरिकको अवस्था फेर्ने प्रण गरौं ।









# २०८२ को महासमीक्षाः
## सत्ताको कायापलट र आशङ्काको घेरामा रुमल्लिएको वर्ष

**@ सुनिल सिंह महत**

**सतहमा हेर्दा यो वर्ष ठुला परिवर्तनको वर्ष देखियो, तर ती परिवर्तनका जराहरूमा निराशा, षड्यन्त्र र त्रासदीको गहिरो छाप छ ।**

पात्रोमा २०८३ सालको पहिलो दिन झुल्किरहँदा, बितेको वर्ष २०८२ नेपाली इतिहासको एउटा यस्तो अध्याय बनेको छ, जसलाई आगामी कैयौँ दशकसम्म ‘उथलपुथलको वर्ष’ का रूपमा सम्झिनेछ । सतहमा हेर्दा यो वर्ष ठुला परिवर्तनको वर्ष देखियो, तर ती परिवर्तनका जराहरूमा निराशा, षड्यन्त्र र त्रासदीको गहिरो छाप छ ।

**१. जेन्जी विद्रोहः जनआक्रोशको अवतरण कि रणनीतिक प्रयोग?**

२०८२ को सुरुआत भदौ २० को त्यो ‘कालो दिन’ बाट भयो, जब भर्चुअल संसारको #NepoBaby ट्रेन्डले सडकमा आगो बल्यो । वर्षौंदेखिको बेरोजगारी र भ्रष्टाचारविरुद्धको युवा आक्रोशलाई ‘जेन्जी आन्दोलन’ को नाम त दिइयो, तर त्यसको अवतरण भने रक्तपातपूर्ण रह्यो । माईतिघरदेखि बालकोटसम्म फैलिएको हिंसा र ऐतिहासिक संरचनाहरूको ध्वंसले केही नयाँ अनुहारलाई सत्ताको सिँढी त चढायो, तर सहिद भएका निर्दोष युवाहरूको रगतको मूल्यमा बनेको यो ’नयाँ व्यवस्था’ माथि अझै प्रश्न चिन्ह खडा छ ।

**२. बालकोटदेखि सिंहदरबारसम्मः ‘बालेन युग’ को विवादास्पद जन्म**

फागुन २१ को निर्वाचन र चैत १४ मा बालेन शाहको प्रधान-मन्त्रीका रूपमा शपथ–यो दृश्य जति नाटकीय थियो, यसका पर्दा पछाडिका खेलाडीहरू उस्तै रहस्यमयी छन् ।

अदृश्य शक्तिको व्यवस्थापनः दशकौँदेखि जरा गाडेका ओली, देउवा र प्रचण्ड जस्ता हस्तीहरूको एकैपटक भएको राजनीतिक अवसान केवल जनमत मात्र थियो कि कुनै ‘ग्रान्ड डिजाइन’?

सुशीला कार्कीको संक्रमणकालीन बोझः सर्वोच्च अदालतको प्रतिबन्धलाई चुनौती दिँदै अन्तरिम प्रधानमन्त्री बनेकी सुशीला कार्कीको कार्यकालले संवैधानिक संकटलाई मात्र निम्त्याएन, बरु शक्ति केन्द्रहरूबीचको दाउपेचलाई थप उदाङ्गो पारिदियो ।

**३. कूटनीतिक असफलताको नमीठो चोटः बिपिन जोशी**

२०८२ ले नेपाली कूटनीतिको सबैभन्दा कमजोर अनुहार देखायो । असोज २८ मा हमासको कैदमा रहेका बिपिन जोशीको मृत्युको पुष्टि हुनु केवल एउटा दुखद खबर मात्र थिएन, यो राज्यले आफ्ना नागरिकलाई संरक्षण गर्न नसकेको प्रमाण थियो ।

**बाँकी पेज १४ मा**

# गंगाजलको रहस्यः

## किन कहिल्यै बिग्रिंदैन यो नदीको पानी?

ऋषिकेश/वाराणसी। विश्वका अधिकांश नदीहरूको पानी केही दिन एउटै भाँडोमा राख्दा त्यसमा दुर्गन्ध आउने वा किरा पर्ने समस्या देखिन्छ । तर, हिमालयको काखबाट बग्ने गंगा नदीको हकमा भने यो लागू हुँदैन । शताब्दीयौंदेखि आस्थाको केन्द्र बनेको गंगाको पानी वर्षौंसम्म राख्दा पनि यसको शुद्धता र ताजगी कायम रहनुमा केवल धार्मिक विश्वास मात्र छैन, यसका पछाडि लुकेका वैज्ञानिक तथ्यहरू झनै रोचक छन् ।

**१. प्राकृतिक 'सेल्फ-प्युरिफिकेसन' क्षमता**

वैज्ञानिक अनुसन्धानहरूले पुष्टि गरे अनुसार गंगाको पानीमा 'ब्याक्टेरियोफेज' (Bacteriophage) नामक विशेष सूक्ष्मजीवहरू पाइन्छन् । यी सूक्ष्मजीवहरूले पानीलाई प्रदूषित बनाउने र दुर्गन्ध फैलाउने हानिकारक ब्याक्टेरियाहरूलाई खाएर नष्ट गरिदिन्छन् । यसले पानीमा एक प्रकारको प्राकृतिक 'फिल्टर'को काम गर्छ, जसलाई विज्ञानको भाषामा 'स्व-विशुद्धीकरण' (Self–purification) क्षमता भनिन्छ ।

**२. अक्सिजनको उच्च भण्डार**

पानीको गुणस्तर मापन गर्ने प्रमुख आधार 'डिजल्भ्ड अक्सिजन' (Dissolved Oxygen) हो। गंगा नदीको धेरैजसो भागमा अक्सिजनको स्तर $५.८$ देखि $८.९$ सम्म रेकर्ड गरिएको छ ।

तथ्यः सामान्यतया $५$ भन्दा माथिको अक्सिजन स्तरलाई जलचर र शुद्धताका लागि उत्कृष्ट मानिन्छ ।

**प्रभावः** अन्य नदीको तुलनामा अक्सिजन सोस्ने गंगाको यो अद्भुत क्षमताले गर्दा नै यसको पानीमा जैविक जीवन सन्तुलित रहन्छ र पानी कुहिने प्रक्रिया ढिलो हुन्छ । "गंगाको पानीमा हुने उच्च अक्सिजन र विशेष भाइरसले यसलाई विश्वका अन्य नदीहरूभन्दा भिन्न र वैज्ञानिक रूपमा विशिष्ट बनाएको छ।"

**३. हिमालयी जडीबुटी र तीव्र प्रवाह**

गंगाको उद्गम स्थल हिमालयका उच्च भू-भागहरू हुन् । हिमालबाट तीव्र गतिमा बग्दै आउँदा यसले मार्गमा पर्ने विभिन्न बहुमूल्य खनिज र जडीबुटीहरूलाई आफूमा समाहित गर्छ । यस्ता खनिज तत्वहरूले पानीमा प्राकृतिक संरक्षक (Preservative) को काम गर्छन् । साथै, पहाडी मार्गमा हुने तीव्र प्रवाह र चट्टानहरूसँगको घर्षणले पानीमा वायुमण्डलीय अक्सिजन घुल्ने प्रक्रियालाई थप मद्दत पुर्याउँछ ।

**जीवनको आधार र चुनौती**

उत्तराखण्डदेखि उत्तर प्रदेश, बिहार, झारखण्ड र पश्चिम बंगाल हुँदै समुद्रसम्म पुग्ने यो नदी करोडौं मानिसको पिउने पानी र सिँचाइको मुख्य स्रोत हो । यद्यपि, बढ्दो सहरीकरण र औद्योगिक फोहोरका कारण यसको यो अद्वितीय प्राकृतिक गुण संकटमा पर्न सक्ने चेतावनी विज्ञहरूले दिँदै आएका छन् ।

**निष्कर्षः**

गंगाको यो 'अमृत समान' गुणलाई जोगाइराख्नु केवल धार्मिक दायित्व मात्र नभई पर्यावरणीय सन्तुलनका लागि पनि उत्तिकै अनिवार्य देखिन्छ ।

प्रस्तुतिः समय सूत्र विशेष ब्युरो







# आकाश भैरव :
## पौराणिक रहस्य र किराँत सभ्यताको जीवन्त इतिहास

@ नीता मानन्धर

नेपालको प्राचीन इतिहासको जग किराँत सभ्यतामा अडिएको छ। तर, पछिल्लो समय केही सतही टिका-टिप्पणी गर्नेहरूले ऐतिहासिक तथ्य र आस्थालाई बुझ्न नसक्दा हाम्रा पुर्खा र गौरवशाली परम्परामाथि प्रश्न उठाउने गर्छन्। राजा यलम्बर र किराँती सभ्यता कुनै 'कमिक' पात्र वा दन्त्यकथा मात्र होइनन्; यो त हाम्रो रगतमा बगेको सभ्यता र काठमाडौं उपत्यकाको तान्त्रिक जग हो।

राजा यलम्बर र किराँती सभ्यता कुनै 'कमिक' पात्र वा दन्त्यकथा मात्र होइनन्; यो त हाम्रो रगतमा बगेको सभ्यता र काठमाडौं उपत्यकाको तान्त्रिक जग हो।

**१. यलम्बर, बर्बरीक र आकाश भैरवको अभेद्य सम्बन्ध**

महाभारतको युद्धसँग जोडिएका बर्बरीक नै किराँतका प्रथम राजा यलम्बर हुन् भन्ने दह्रो पौराणिक र सांस्कृतिक आधार छ। युद्धमा आफ्नो अद्भुत शक्तिका कारण भगवान् कृष्णद्वारा काटिएको उनको शिर नै आज काठमाडौंको इन्द्रचोकमा आकाश भैरव (आजु द्यः) का रूपमा पूजित छ। जसलाई कतिपयले काल्पनिक ठान्छन्, उनीहरूले के भुल्नु हुँदैन भने काठमाडौंका महर्जन समुदायले उनलाई आज पनि आफ्ना 'पूर्खा' (आजु) का रूपमा पुज्ने गर्छन्। के कुनै जातिले काल्पनिक पात्रलाई आफ्नो रगतको वंशज मान्ला र?

**२. तान्त्रिक जग र बिरुपाक्षको सम्बन्ध**

नेपालको निर्माण तान्त्रिक विधि र पुजा आजाको जगमा भएको हो। पशुपतिनाथमा रहेको बिरुपाक्ष को मूर्ति किराँतकालीन कलाको उत्कृष्ट नमुना मात्र होइन, यो नेपालको प्राचीनतम अस्तित्वको प्रमाण हो। बिरुपाक्षलाई किराँती राजाकै सन्तान वा सोही कालखण्डको प्रतीक मानिन्छ। तान्त्रिक विधिद्वारा राज्य सञ्चालन गर्ने र निर्माण गर्ने पद्धतिमा यलम्बरकै शासन-कालको प्रभाव स्पष्ट देखिन्छ।

**३. जीवित कुमारी र शाहवंशको श्रद्धा**

हामीले श्रद्धाका साथ मान्ने जीवित कुमारी ले इन्द्रजात्राको समयमा आकाश भैरव (यलम्बरको टाउको) लाई आशीर्वाद दिने परम्परा छ। यदि यो केवल एउटा मूर्ति वा काल्पनिक कथा मात्र हुन्थ्यो भने, शक्तिको स्वरूप मानिने कुमारीले किन यसलाई विशेष महत्व दिन्थिन्?

बाँकी पेज ८ मा...



# देश प्रयोगशाला मात्र भयो, अब युवाको काँधमा जिम्मेवारी: श्री ५ महाराजधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव

@ एस्. आचार्य

श्री ५ महाराजधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव बाट नयाँ वर्ष २०८३ को सुखद उपलक्ष्यमा समस्त नेपालीहरूका नाममा शुभकामना सन्देश जारी गरिबक्सँदै मुलुकको वर्तमान राजनीतिक र प्रशासनिक अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गरिबक्सेको छ।

**"प्रयोगशाला" बन्यो देश**

मौसुफबाट जारी सन्देशमा विगतका दशकहरूमा भएका राजनीतिक परिवर्तन र तिनका उपलब्धिहरूको समीक्षा गर्दै देश केवल परीक्षणको थलो बनेको उल्लेख गरिबक्सेको छ। शुभकामना सन्देशमा भनिएको छ– "सधैँ प्रयोग, अभ्यास र सधैँ विकल्पको खोजीमा मात्रै हामी लाग्यौँ, फलस्वरूप हाम्रो देश प्रयोगशाला मात्रै भयो।"

**पढेलेखेका र प्रविधिमैत्री युवाको खाँचो**

राज्य सञ्चालनको बागडोर अब पुरानो ढर्राबाट मुक्त भई आधुनिक र शिक्षित पुस्ताको हातमा पुग्नुपर्नेमा श्री ५ बाट विशेष जोड दिइबक्सेको छ। मौसुफको अटल विश्वास छ कि:

"राजनीति र राज्य सञ्चालनमा पढेलेखेका, देश बुझेका र आधुनिक प्रविधिको ज्ञान भएका उत्साहित पात्रहरूको आगमनले राष्ट्रलाई फलदायी बनाउन मद्दत पुग्छ।"

**मौलिक पहिचान र न्यायको रक्षा**

सन्देशको अन्त्यमा, श्री ५ बाट सबै नेपालीले न्याय, शान्ति र सुख पाउनुपर्ने अभिलाषा व्यक्त गरिबक्सँदै देशको मौलिक पहिचान जोगाउनु नै अहिलेको प्रमुख राष्ट्रिय दायित्व भएको स्मरण गराइबक्सेको छ। युवा पुस्ताको सामर्थ्य र उत्साहप्रति मौसुफले उच्च भरोसा प्रकट गरिबक्सँदै नयाँ वर्षको मङ्गलमय शुभकामना बक्स भएको छ।

# पारदर्शिता कि कालो धनलाई वैधानिकता?

## बालेन सरकारका मन्त्रीहरुको 'अकुत' सम्पत्ति सार्वजनिक









**यसपटकको विवरणमा पुर्ख्यौली घरजग्गा र सुनचाँदीको परम्परागत तथ्यांक मात्र नभई डिजिटल आम्दानी, स्टार्टअप र सेयर लगानीका रोचक पाटाहरू बाहिर आएका छन् । तर, यो सार्वजनिक घोषणाले पारदर्शिताको स्वागत मात्र गरेको छैन, बरु मन्त्रीहरुको 'अकुत सम्पत्ति'को स्रोतमाथि गम्भीर आशंका र नयाँ बहस समेत जन्माएको छ ।**

@ एस्. आचार्य




नेपाली राजनीतिमा 'नयाँ शक्ति'को उदयसँगै सुशासन र पारदर्शिताको ठूलो चर्चा भइरहेका बेला प्रधानमन्त्री बालेन्द्र (बालेन) शाह नेतृत्वको मन्त्रिपरिषद् सदस्यहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छ ।

यसपटकको विवरणमा पुर्ख्यौली घरजग्गा र सुनचाँदीको परम्परागत तथ्यांक मात्र नभई डिजिटल आम्दानी, स्टार्टअप र सेयर लगानीका रोचक पाटाहरू बाहिर आएका छन् । तर, यो सार्वजनिक घोषणाले पारदर्शिताको स्वागत मात्र गरेको छैन, बरु मन्त्रीहरूको 'अकुत सम्पत्ति'को स्रोतमाथि गम्भीर आशंका र नयाँ बहस समेत जन्माएको छ ।

### डिजिटल प्लेटफर्मदेखि करोडौंका गाडीसम्म

सार्वजनिक विवरण अनुसार क्याबिनेटमा धेरैजसो मन्त्रीहरू करोडपति देखिएका छन् । प्रधानमन्त्री बालेन शाहसँग धनुषामा १० बिघाभन्दा बढी जग्गा र १९० तोला सुन रहेको छ । उनको आम्दानीको स्रोतमा Facebook, YouTube, TikTok र Spotify जस्ता डिजिटल प्लेटफर्महरू समेत उल्लेख छन् ।

क्याबिनेटको सबैभन्दा धनी मन्त्रीको सूचीमा शिक्षा मन्त्री सस्मित पोखरेल देखिएका छन्, जसको खुद सम्पत्ति २३ करोड ४१ लाख रुपैयाँ छ । उनीसँग काठमाडौंका प्राइम लोकेसनमा घरजग्गा र BYD तथा KIA जस्ता आधुनिक विद्युतीय गाडीहरू रहेका छन्। यस्तै, उद्योग मन्त्री गौरी कुमारी यादवसँग १८० तोला सुन र ५ किलो चाँदी छ भने 'बिग मार्ट'लाई जग्गा भाडामा दिएर मासिक ९० हजार बुझ्ने गरेको विवरणमा उल्लेख छ ।

**अन्य मन्त्रीहरूको विवरण संक्षिप्तमाः**

गृह मन्त्री सुधन गुरुङ र परराष्ट्र मन्त्री शिशिर खनालः विभिन्न कम्पनीमा करोडौंको सेयर लगानी र घरजग्गा ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेः बैंक र हाइड्रोमा ठूलो लगानी, तर ४ करोड ३० लाख रुपैयाँ ऋण ।

ऊर्जा मन्त्री विराज भक्त श्रेष्ठः ल्यान्ड क्रुजर गाडी र महँगा घडीहरू (Tissot, Armani)।

वन मन्त्री गिता चौधरी र महिला बालबालिका मन्त्री सिता बादीः विवरण-लाई 'यथार्थपरक' देखाउन कुखुरा, बाखा र कुकुर समेत उल्लेख ।

**पारदर्शिताको मुकुण्डोभित्र 'मनी लाउन्ड-रिङ'को डर?**

सम्पत्ति सार्वजनिक गर्ने अभ्यासलाई कतिपयले सकारात्मक कदम माने पनि राजनीतिक विश्लेषकहरूले यसलाई 'कालो धनलाई सेतो बनाउने वैधानिक प्रपञ्च'को रूपमा व्याख्या गर्न थालेका छन् ।

**१. स्रोतमाथि गम्भीर प्रश्नः** कुनै ठोस व्यापारिक पृष्ठभूमि वा पुर्ख्यौली आधार विना नै छोटो समयमा मन्त्रीहरूको खातामा देखिएको करोडौंको नगद र किलोका किलो सुनले 'विदेशी मिसन' वा बाह्य लगानीको आशंका उब्जाएको छ। कतै यो भविष्यमा हुन सक्ने सम्पत्ति शुद्धीकरण (Money Laundering) सम्बन्धी अनुसन्धानबाट बच्ने 'पूर्व-तयारी' त होइन भन्ने प्रश्न उठेको छ ।

**२.मनोवैज्ञानिक भ्रम र नियन्त्रित निकायः** "हामी धनी छौं, त्यसैले भ्रष्टाचार गर्दैनौं" भन्ने सन्देश दिएर जनतामा भ्रम छर्न खोजिएको आलोचकहरूको तर्क छ । साथै, सत्तामा रहेकाहरूले नै छानबिन गर्ने निकायहरूलाई नियन्त्रणमा लिंदा यस्ता विवरणहरू केवल 'कागजी खोस्टा' बन्ने खतरा रहन्छ। "आफ्नै तराजु, आफ्नै ढक" को अवस्थामा स्वतन्त्र प्रमाणीकरणको अभाव देखिएको छ ।

**३. राष्ट्रियता र विदेशी स्वार्थको छायाः** यदि कुनै शक्तिले राष्ट्रिय अखण्डतामा आँच पुर्याउने सर्तमा विदेशी सहयोग लिएर त्यसलाई व्यक्तिगत सम्पत्तिको रूपमा दर्ता गरेको हो भने, त्यो देशद्रोहको श्रेणीमा पर्छ । मन्त्रीहरूको सम्पत्तिको चमकभित्र कतै देशलाई 'गुलाम' बनाउने सम्झौताका किस्ताहरू त लुकेका छैनन्? यो प्रश्न अहिले नागरिक स्तरमा गम्भीरताका साथ उठ्न थालेको छ ।

नयाँ सोचको नारा लिएर आएका शक्तिहरूले यदि पुरानै दलहरूको 'अपारदर्शी विरासत' पछ्याउँछन् भने त्यसले देशलाई झन् ठूलो संकटमा धकेल्नेछ । अबको आवश्यकता 'कति सम्पत्ति छ' भन्ने घोषणा मात्र होइन, बरु 'त्यो कहाँबाट र कसरी आयो' भन्ने बारे उच्चस्तरीय र स्वतन्त्र छानबिन हुनु अनिवार्य देखिएको छ ।

## बाँकी ... आकाश भैरव :



यति मात्र होइन, शाहवंशीय राजाहरूले समेत आकाश भैरवसँग खड्ग (तरवार) साटासाट गर्ने चलन थियो । यो राजा र देउताबीचको शक्तिको आदानप्रदान र राज्यको रक्षाका लागि गरिने एक गम्भीर राजकीय र धार्मिक अनुष्ठान थियो ।

**४. धार्मिक सहिष्णुताको केन्द्रः बुद्ध र भैरव**

बौद्ध मूर्तिशास्त्रमा आकाश भैरवको शिरमा एउटा सानो प्रतिमा अंकित हुन्छ, जसलाई बौद्ध धर्मावलम्बीहरूले बुद्ध (अक्षोभ्य बुद्ध) को रूपमा चिनाउँछन् । यसले के प्रमाणित गर्छ भने किराँत सभ्यता र आकाश भैरवको शक्तिलाई हिन्दु र बौद्ध दुवैले समान रूपमा स्वीकार गरेका छन् । यो कुनै एक धर्मको मात्र नभई समग्र नेपाली आध्यात्मिक चेतनाको प्रतीक हो ।

**५. नेपाल बाहिरको फैलावटः खाटु श्याम र बलियादेव**

यलम्बर वा बर्बरीकको महिमा नेपालमा मात्र सीमित छैनः

* **राजस्थान (भारत)ः** यहाँ यिनै पात्रलाई 'खाटु श्याम' को नाममा पुजिन्छ । त्यहाँको विश्वास छ कि कृष्णले उनलाई कलि युगमा आफ्नै नाम 'श्याम' बाट पूजित हुने वरदान दिएका थिए ।

* **गुजरातः** यहाँ यिनलाई 'बलियादेव' को रूपमा अत्यन्तै श्रद्धाका साथ मानिन्छ ।

एउटै ऐतिहासिक र पौराणिक पात्रलाई भूगोलका फरक-फरक ठाउँमा फरक नामले पुजिनुले उनी कति शक्तिशाली र व्यापक थिए भन्ने पुष्टि गर्छ ।

**निष्कर्ष**

आकाश भैरव केवल 'आकासका देवता' मात्र होइनन्, उनी हाम्रो जीवन-तत्व हुन्। उनलाई खुसी पार्न गरिने बलि वा तान्त्रिक अनुष्ठानहरू हाम्रा मौलिक संस्कार हुन्। केही अज्ञानी व्यक्तिहरूले सामाजिक सञ्जालमा गर्ने टिप्पणीले हजारौं वर्ष पुरानो इतिहास मेटिन सक्दैन। यलम्बरको अपमान गर्नु भनेको समग्र नेपाली सभ्यता र यहाँको तान्त्रिक शक्तिमाथि धावा बोल्नु हो । त्यसैले, आफ्ना पुर्खा र गौरवशाली इतिहासको संरक्षण गर्नु हामी प्रत्येक सचेत नेपालीको धर्म हो ।



# संगीत आकाशको चम्किलो तारा अस्तायो - स्वर किन्नरी आशा भोसलेको ९२ वर्षको उमेरमा निधन

@ सन्दिप म. ठकुरी

## आशा भोसले

भारतीय संगीत क्षेत्रकी कालजयी गायिका आशा भोसलेको ९२ वर्षको उमेरमा निधन भएको छ । लामो समयदेखि आफ्नो सुमधुर स्वर र संगीतको माध्यमबाट विश्वभरका करोडौं मुटुमा राज गर्न सफल भोसलेको मुम्बईस्थित ब्रीच क्यान्डी अस्पतालमा उपचारका क्रममा निधन भएको हो ।

अस्पताल स्रोतका अनुसार, केही समयदेखि स्वास्थ्यमा समस्या देखिएकी उनलाई शनिबार अस्पताल भर्ना गरिएको थियो। उपचारकै क्रममा आइतबार दिउँसो उनले अन्तिम श्वास फेरेको समाचार भारतीय सञ्चारमाध्यमहरूले पुष्टि गरेका छन् ।

**संगीत यात्रा र अविस्मरणीय योगदान**

सन् १९३३ मा जन्मिएकी आशा भोसलेले सन् १९४३ बाट आफ्नो सांगीतिक यात्रा सुरु गरेकी थिइन् । ७ दशकभन्दा लामो सक्रिय करियरमा उनले हिन्दी, मराठी, बंगालीसहित २० भन्दा बढी भाषाहरूमा १२,००० भन्दा बढी गीतहरूमा आफ्नो आवाज दिएकी छिन् । शास्त्रीय संगीतदेखि आधुनिक पप र क्याबरे शैलीका गीतसम्म उनको जादुमयी स्वरको प्रभाव रहेको छ ।

**नेपाली संगीतसँगको प्रगाढ साइनो**

आशा भोसलेको नेपाली संगीत क्षेत्रसँग पनि अत्यन्तै गहिरो र आत्मीय साइनो थियो । उनले गाएका थुप्रै नेपाली गीतहरू आज पनि नेपाली जनजिब्रोमा झुण्डिएका छन् ।

**विशेषगरीः**

'यो हो मेरो प्राणभन्दा प्यारो माइतीघर'
'मलाई बाटो बिराएको बटुवा नभन'
'तिम्रो मनमा लुकेको कुरा'

जस्ता कालजयी गीतहरूले उनलाई नेपाली श्रोतामाझ सधैंका लागि अमर बनाएको छ।

**सम्मान र पुरस्कार**

संगीतमा पुर्‍याएको विशिष्ट योगदानबापत उनलाई भारतको सर्वोच्च नागरिक सम्मान मध्येको एक पद्म विभूषण र चलचित्र क्षेत्रको प्रतिष्ठित दादासाहेव फाल्के पुरस्कारबाट सम्मानित गरिएको थियो। यसका साथै उनले कैयौं पटक फिल्मफेयर अवार्ड र राष्ट्रिय पुरस्कारहरू समेत प्राप्त गरेकी थिइन् ।

**विश्व संगीतमा अपूरणीय क्षति**

उनकी दिदी लता मंगेशकरको निधन भएको केही वर्षपछि आशाको यो विछोडले संगीतको एउटा स्वर्णिम युगको अन्त्य भएको महसुस गरिएको छ । उनको निधनको खबरसँगै भारत र नेपालसहित विश्वभरका संगीत प्रेमीहरूले सामाजिक सञ्जालमार्फत भावपूर्ण श्रद्धाञ्जली अर्पण गरिरहेका छन् ।

प्रधानमन्त्री नरेन्द्र मोदीलगायत विभिन्न देशका कलाकार र विशिष्ट व्यक्तित्वहरूले उनको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै उनलाई "भर्सटाइल गायिका" र "संगीतकी देवी" का रूपमा स्मरण गरेका छन् ।



# सुडोकुको चुनौती




एक देशमा एउटा सानो र रमाइलो गाउँ थियो, जहाँ आर्यन र स्मारिका नामका दुई जना साथीहरू बस्थे । आर्यन १३ वर्षको थियो भने स्मारिका अलि सानी थिइन् । उनीहरू दुवैलाई नयाँ-नयाँ खेल खेल्न धेरै मन पर्थ्यो ।

एकदिन, उनीहरूले एउटा पुरानो किताब भेट्टाए, जसमा एउटा रहस्यमय सुडोकु (Sudoku) को बोर्ड बनाइएको थियो । त्यसको छेउमा एउटा च्यातिएको पानामा लेखिएको थियो:

"यो सुडोकु मिलाए मात्र तिमीहरू 'थर्टीन आइल्यान्ड्स' (Thirteen Islands) को साहसिक यात्रामा जान सक्नेछौ।"

**सुडोकुको चुनौती**

स्मारिकालाई सुडोकु खेल्न धेरै आउँदैन थियो । आर्यनले उसलाई सिकायो, "हेर स्मारिका, यो खाली ठाउँमा १ देखि ९ सम्मका अंकहरू भर्नुपर्छ, तर ध्यान देऊ–कुनै पनि नम्बर एउटा लाइन वा बक्समा दोहोरिनु हुँदैन!"

दुवैले मिलेर धेरै सोच-विचार गरे । आर्यनले गणितको जुक्ति लगायो । स्मारिकाले ध्यान दिएर खाली कोठाहरू भरिन् ।

जब उनीहरूले अन्तिम कोठामा '९' भरे, अचानक एउटा जादुई ढोका खुल्यो!

१३ वर्षको एड्भेन्चर (The Age 13 Game)

ढोका भित्र उनीहरू एउटा नयाँ संसार मा पुगे, जसको नाम थियो "लेभल १३"। यो ठाउँ खासगरी १३ वर्ष आसपासका बच्चाहरूका लागि बनाइएको एउटा भर्चुअल एड्भेन्चर गेम जस्तै थियो ।

त्यहाँका नियमहरू निकै चाखलाग्दा थिए:

**१. टिमवर्क:** साथी-साथी मिलेर मात्र अगाडि बढ्न सकिने ।

**२. रणनीति:** बिना योजना कुनै पनि बाधा पार गर्न नसकिने ।

**३. तार्किक क्षमता:** जब उनीहरू एउटा ठूलो पुलमा पुगे, त्यहाँ एउटा पजल (बौद्धिक प्रश्न) सोधियो ।

आर्यनले आफ्नो १३ वर्षको समझदारी प्रयोग गरेर त्यो पजलको सही उत्तर दियो । त्यसपछि उनीहरूले एउटा 'डिजिटल पहाड' चढ्नु पर्यो जहाँ उनीहरूले धेरै "लोजिक पोइन्ट्स" जम्मा गरे ।

**कथाको शिक्षा**

खेलको अन्त्यमा उनीहरूले एउटा ठूलो ट्रफी भेट्टाए । तर त्यो ट्रफीभन्दा पनि ठूलो कुरा उनीहरूले के सिकेका थिए भने:

सुडोकुले उनीहरूको दिमागलाई छिटो सोच्न सक्ने बनायो ।

१३ वर्षको गेमले उनीहरूलाई धैर्यता र मिलेर काम गर्ने तरिका सिकायो ।

स्मारिकाले हाँस्दै भनिन्, "आर्यन दाइ, सुडोकु त धेरै रमाइलो हुने रहेछ, अब भोलिदेखि हामी हरेक दिन एउटा मिलाउँछौं है!"

आर्यनले पनि खुसी हुँदै भन्यो, "एकदम! दिमागको कसरत पनि, अनि खेलको खेल पनि।"

त्यस दिनदेखि उनीहरू मोबाइलमा झुण्डिनु भन्दा पनि दिमाग लगाउने यस्ता सिर्जनशील खेलहरूमा धेरै समय बिताउन थाले ।




# प्रधानमन्त्री बालेनको पहिलो महिनाः 'आशाको दियो कि 'अधिनायकवादको पदचाप?

-सुनिल के.सी. , काठमाडौं

**प्रधानमन्त्री बालेन शाहको पहिलो ३० दिन नेपालको इतिहासमै सबै भन्दा उथलपुथलकारी बनेको छ। सिंहदरबारको कार्यशैलीमा 'डोजर' को गति र शक्तिको केन्द्रीकरणले देशको राजनीतिमा एउटा ठूलो राजनीतिक 'भुइँचालो' ल्याएको छ ।**

वि.सं. २०८२ को आम निर्वाचनमा झापाको मैदानमा दिग्गज नेता केपी शर्मा ओलीलाई स्तब्ध पार्दै बालुवाटार छिरेका प्रधानमन्त्री बालेन शाहको पहिलो ३० दिन नेपालको इतिहासमै सबैभन्दा उथलपुथलकारी बनेको छ। सिंहदरबारको कार्यशैलीमा 'डोजर' को गति र शक्तिको केन्द्रीकरणले देशको राजनीतिमा एउटा ठूलो राजनीतिक 'भुइँचालो' ल्याएको छ। यसै सन्दर्भमा उनको कार्यकालको पहिलो महिनाको समीक्षा यहाँ प्रस्तुत गरिएको छः

**१. रास्वपा सरकार र भ्रष्टाचारको डढेलोः सुन काण्ड र राजीनामा**

बालेन नेतृत्वको सरकारमा सहभागी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मन्त्रीहरू विवादको घेरामा परेका छन् । चर्चित सुन काण्डमा गृहमन्त्रीको नाम मुछिनु र बिचौलिया दीपक भट्टसँगको शंकास्पद सम्बन्ध सार्वजनिक भएपछि नैतिक दबाबमा परेका गृहमन्त्रीले अन्ततः राजीनामा दिनुपरेको छ। यसले "सुशासन" को नारा दिएर सत्तामा पुगेको नयाँ शक्ति( भित्रको छिद्रलाई उदाङ्गो पारेको छ ।

**२. सुकुम्बासी बस्तीमा डोजर र मानवीय संकट**

प्रधानमन्त्रीको रूपमा बालेनले स्थानीय तहकै शैलीमा देशभरका सुकुम्बासी बस्ती हटाउन निर्देशन दिएका छन् । थापाथली देखि देशका विभिन्न खोला किनारमा डोजर चल्दा हजारौं गरिब परिवार बिचल्लीमा परेका छन् ।

* **त्रासदीः** विस्थापनको पीडा सहन नसकी ३ जनाले आत्महत्या गरेको दुखद खबरले सरकारको आलोचना चुलिएको छ ।

* **पक्षः** सरकार समर्थकमध्ये धेरैले यसलाई 'हकुमबासी' र भू-माफिया विरुद्धको कडा कदम भन्दै प्रशंसा गरेका छन्। "जग्गा कब्जा गरेर बसेका टाठाबाठाहरूको पर्दाफास भएको छ," उनीहरूको तर्क छ ।

* **विपक्ष:** मानव अधिकारवादीहरूले यसलाई "गरीबमाथि राज्यको आतङ्क" को संज्ञा दिएका छन् । विकल्प बिनाको विस्थापनले राज्यको क्रुरता प्रदर्शन गरेको भन्दै सडकमा आन्दोलन चर्किएको छ ।

**३. अध्यादेश, राष्ट्रपति र 'मिडिया ट्रायल'**

पछिल्लो समय प्रधानमन्त्री बालेनले ल्याएको नयाँ अध्यादेश र त्यसले संवैधानिक अंगहरूमा पारेको प्रभाव निकै गम्भीर छ ।

* **मिडिया ट्रायल:** राष्ट्रपति रामचन्द्र पौडेललाई अध्यादेशमा हस्ताक्षर गर्न बाध्य पार्न सरकारले 'मिडिया ट्रायल' र सामाजिक सञ्जालको शक्ति प्रयोग गरेको आरोप लागेको छ ।

* **संवैधानिक परिषद:** ६ सदस्यमध्ये ३ जनाले मात्रै निर्णय गर्न सक्ने गरी ल्याइएको अध्यादेशलाई राष्ट्रपतिले पटक-पटक फिर्ता गरे पनि सरकारले दबाब सिर्जना गरिरहेको छ । यसलाई विपक्षीहरूले "संविधान संशोधन गर्ने नाममा शक्ति हातमा लिने दाउ" भनेका छन् ।

**४. मठमन्दिर र सम्पदामाथिको प्रहार**

विकासको नाममा ऐतिहासिक मठमन्दिरहरूमाथि पनि डोजर चलाइएको विषयले सांस्कृतिक संवेदनशीलतालाई चोट पुऱ्याएको छ । भक्तपुर र काठमाडौँका भित्री बस्तीहरूमा सम्पदा संरक्षणको साटो भत्काउने कार्य भएको भन्दै धार्मिक संस्थाहरू सरकार विरुद्ध उभिएका छन् ।

**मानवीय र राजनीतिक विश्लेषण: दुई धारको टक्कर**

**पक्ष (समर्थक):**

बालेनको यो 'आक्रामक' शैलीलाई धेरैले दशकौँदेखि जकडिएको बेथिति अन्त्य गर्ने एकमात्र उपाय मानेका छन् । हुकुमबासीहरूको पर्दाफास हुनु, सरकारी जग्गा फिर्ता आउनु र पुराना राजनीतिक दलको सिन्डिकेट तोडिनुलाई उनीहरू ऐतिहासिक उपलब्धि मान्दछन् ।

**विपक्ष (आलोचक):**

आलोचकहरूका अनुसार बालेन "लोक-प्रियतावादी अधिनायकवाद" तर्फ उन्मुख छन् । कानुनी प्रक्रिया मिचेर अध्यादेश ल्याउनु, राष्ट्रपतिलाई दबाब दिनु र गरिबको आवासको अधिकार खोसेर उनीहरूलाई आत्महत्याको स्थितिमा पुऱ्याउनु लोकतन्त्रका लागि घातक रहेको उनीहरूको तर्क छ ।

**निष्कर्ष**

प्रधानमन्त्री बालेन शाहको पहिलो महिना मिश्रित रह्यो। एकातिर उनले बेथिति विरुद्ध साहस देखाएका छन् भने अर्कोतिर मानवीय संवेदना र संवैधानिक मर्यादामाथि प्रश्न उठाएका छन् । ३५ वर्षको उमेरमा देशको बागडोर सम्हालेका बालेनका लागि अबको चुनौती भनेको 'डोजर' को शक्तिलाई 'विवेक' सँग जोड्नु नै हो। के बालेनले साँच्चै नयाँ नेपाल निर्माण गर्लान् वा शक्ति सन्तुलन मिलाउन नसक्दा यो 'भुइँचालो' ले उनकै सत्तालाई असर गर्ला? यो हेर्न बाँकी नै छ ।





# आमाको मुख हेर्ने औँसी: मातृदेवो भव:

@ एस्. आचार्य

> आमाले सन्तानलाई गर्भमा राखेदेखि जन्म दिएर हुर्काउन र योग्य बनाउन जुन कष्ट र त्याग गर्नुहुन्छ, त्यसको बदला कुनै पनि भौतिक वस्तुले चुकाउन सकिँदैन। यो पर्वले हामीलाई व्यस्त जीवनशैलीका बीच पनि आमाको ममतालाई सम्मान गर्न र उहाँको सेवा गर्न प्रेरित गर्छ।

नेपाली संस्कृति र समाजमा आमाको स्थान सर्वोपरी छ । 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' अर्थात् जन्म दिने आमा र जन्मभूमि स्वर्गभन्दा पनि ठूला हुन् भन्ने आदर्श वाक्यलाई आत्मसात् गर्दै हरेक वर्ष वैशाख कृष्ण पक्षको औँसीलाई आमाको मुख हेर्ने औँसी (मातातीर्थ औँसी) का रूपमा श्रद्धापूर्वक मनाइन्छ ।

यो पर्व विशेष गरी आमाप्रतिको सम्मान, समर्पण र कृतज्ञता व्यक्त गर्ने दिन हो ।

**१. यस पर्वको सांस्कृतिक महत्त्व**

हिन्दू धर्मशास्त्रहरूमा आमालाई प्रत्यक्ष देवताका रूपमा पूजा गरिने संस्कार छ । आमाको मुख हेर्ने औँसीका दिन छोराछोरीहरूले आफ्नी आमालाई मनपर्ने उपहार, मिठाई, फलफूल र नयाँ वस्त्रहरू उपहार दिएर सम्मान प्रकट गर्छन् । टाढा रहेका छोराछोरीहरू आमालाई भेट्न घर पुग्छन् भने भेट्न असम्भव भएमा फोन वा अन्य माध्यमबाट आशिर्वाद लिने गर्छन् ।

**२. मातातीर्थको पौराणिक सन्दर्भ**

काठमाडौँको थानकोट नजिकै रहेको मातातीर्थ कुण्डमा यस दिन ठूलो मेला लाग्ने गर्दछ । पौराणिक मान्यता अनुसार, प्राचीन कालमा एक गोठालाले कुण्डमा रोटी खसाउँदा आफ्नी मृत आमाको मुख देखेको र आमाले "मलाई यहीँ भेट्नू" भनेको जनविश्वास छ ।

यही विश्वासका कारण जसको आमा जीवित हुनुहुन्न, उहाँहरू मातातीर्थ पुगेर कुण्डमा तर्पण दिने, पिण्ड दान गर्ने र आमाको स्मरणमा श्राद्ध गर्ने गर्छन् । यसो गर्दा दिवंगत आमाको आत्माले शान्ति पाउने र सन्तानलाई आशीर्वाद प्राप्त हुने धार्मिक विश्वास छ ।


**३. आमाको महत्त्व र हाम्रो दायित्व**

आमाले सन्तानलाई गर्भमा राखेदेखि जन्म दिएर हुर्काउन र योग्य बनाउन जुन कष्ट र त्याग गर्नुहुन्छ, त्यसको बदला कुनै पनि भौतिक वस्तुले चुकाउन सकिँदैन । यो पर्वले हामीलाई व्यस्त जीवनशैलीका बीच पनि आमाको ममतालाई सम्मान गर्न र उहाँको सेवा गर्न प्रेरित गर्छ ।

**४. आधुनिक समयमा यसको सान्दर्भिकता**

अहिलेको समयमा कतिपय अवस्थामा ज्येष्ठ नागरिक वा आमाबाबुलाई बेवास्ता गर्ने चलन बढ्दै गएको देखिन्छ । यस्तो समयमा आमाको मुख हेर्ने औँसी जस्ता चाडपर्वले पारिवारिक एकता, आदर र मायाको डोरीलाई अझ मजबुत बनाउन मद्दत पुर्याउँछ ।

भाषा




# संस्कृत भाषाः आधारभूत सर्वनाम परिचय

संस्कृत विश्वको सबैभन्दा पुरानो र वैज्ञानिक भाषाहरूमध्ये एक हो । कुनै पनि भाषा सिक्नका लागि त्यसका आधारभूत शब्दहरू बुझ्न आवश्यक हुन्छ । यहाँ १५ मुख्य संस्कृत सर्वनामहरू र तिनका प्रयोगबारे जानकारी दिइएको छ ।

**मुख्य सर्वनामहरू**

१. अहम् - म (I)
२. वयम् - हामी (We)
३. त्वम् - तिमी/तपाईं (You)
४. यूयम् - तिमीहरू (You all)
५. सः - ऊ (He - पुल्लिंग)
६. सा - उनी (She - स्त्रीलिङ्ग)
७. तत् - त्यो (It - नपुंसकलिङ्ग)
८. एषः - यो (This - पुल्लिंग)
९. एषा - यिनी (This - स्त्रीलिङ्ग)
१०. एतत् - यो (This)
११. कः - को? (Who? - पुल्लिंग)
१२. का - को? (Who? - स्त्रीलिङ्ग)
१३. किम् - के? (What?)
१४. सर्वम् - सबै (All)
१५. यत् - जुन/त्यो (Which/That)

**वाक्य निर्माणका आधारहरू**

संस्कृतमा वाक्य बनाउन सर्वनामका साथै क्रियाको ज्ञान आवश्यक छ। केही सामान्य उदाहरणहरू यस प्रकार छन्:

* अहम् छात्रः अस्मि । (म विद्यार्थी हुँ।)
* त्वम् कुत्र गच्छसि? (तिमी कहाँ जान्छौ?)
* सः शिक्षकः अस्ति। (ऊ शिक्षक हो।)
* एषा मम माता अस्ति। (यिनी मेरी आमा हुन् ।)
* किम् तत् पुस्तकम् अस्ति? (के त्यो किताब हो?)

**आवश्यक क्रिया र शब्दहरू**

भाषाको प्रवाहलाई अझ राम्रो बनाउन यी शब्दहरू प्रयोग गर्न सकिन्छः

* अस्ति (Asti): छ/हो (is)
* पठति (Pathati): पढ्छ (reads)
* गच्छति (Gacchati): जान्छ (goes)
* खादति (Khadati): खान्छ (eats)
* वदति (Vadati): बोल्छ (speaks)
* पश्यति (Pashyati): हेर्छ (sees)
* अत्र (Atra): यहाँ (Here)
* तत्र (Tatra): त्यहाँ (There)
* अद्य (Adya): आज (Today)
* श्वः (Shvah): भोलि (Tomorrow)

यस सूचीलाई दैनिक अभ्यासमा ल्याउनुभयो भने संस्कृत भाषामा आधारभूत संवाद गर्न निकै सजिलो हुनेछ ।

**२०८२ को महासमीक्षा बाँकी ....**

'लर्न एण्ड अर्न' कार्यक्रम मार्फत इजरायल पठाइएका विद्यार्थीको रक्षा गर्न नसक्नुले नेपालको अन्तर्राष्ट्रिय साखमा ठूलो धक्का पुगेको छ ।

**४. आर्थिक सिन्डिकेट र 'आर्टिफिसियल' महँगी**

सुनको मूल्यले ऐतिहासिक रेकर्ड कायम गरिरहँदा मध्यम र निम्न वर्गका नेपालीको ढाड भाँचिएको छ । सरकारी सूचकाङ्कले अर्थतन्त्र सुध्रिएको दाबी गरे पनि बजारमा माफियाहरूको कब्जा र 'आर्टिफिसियल सर्टेज' ले गर्दा आम जनताको चुल्हो बल्न गाह्रो भयो । २०८२ भरि नै नीतिगत भ्रष्टाचार र सीमित व्यापारिक घरानाको स्वार्थले अर्थतन्त्रलाई बन्धक बनाइराख्यो ।


**५. संगीतको एउटा युगको अन्त्यः आशाको महाप्रस्थान**

वर्षको अन्त्यतिर चैत २९ मा (अप्रिल १२, २०२६) संगीत साम्राज्ञी आशा भोस्लेको ९२ वर्षको उमेरमा भएको निधनले नेपाली कला र संगीत प्रेमीहरू लाई थप मर्माहत बनायो । नेपाली संगीतका कालजयी गीतहरूमा स्वर दिएकी भोस्लेको बिदाइसँगै संगीतको एउटा सुनौलो युगको अन्त्य भएको छ, जसले २०८२ को बिदाइलाई अझ धमिलो बनाइदियो ।

**निष्कर्ष**

२०८२ ले अनुहार त फेर्यो, तर प्रवृत्ति फेरिएन । जनताले सडकमा रगत बगाएर ल्याएको परिवर्तन अहिले 'सम्पत्ति छानबिन' र 'नयाँ' नाराहरूमा अल्झिएको छ । २०८३ मा प्रवेश गरिरहँदा प्रधान-मन्त्री बालेन शाह नेतृत्वको सरकारमाथि एउटै ठूलो चुनौती छ– के यो व्यवस्था साँच्चै जनताको हो कि केही सीमित मानिसहरूको नयाँ षड्यन्त्र?

नयाँ वर्षको शुभकामना दिइरहँदा, २०८२ ले सिकाएको पाठ एउटै छ– सतर्कता विनाको परिवर्तन सधैँ जोखिमपूर्ण हुन्छ ।




# होर्मुज जलडमरू (Strait of Hormuz) पूर्ण रूपमा खुलाः इरानी विदेशमन्त्री

@ सुशिल महत

"लेबनानमा भएको युद्धविरामलाई मध्यनजर गर्दै, होर्मुज जलडमरूबाट हुने सबै व्यापारिक जहाजहरूको आवतजावतलाई बाँकी युद्धविराम अवधिको लागि पूर्ण रूपमा खुला गरि एको घोषणा गरिन्छ।"

तेहरान, वैशाख ५, २०८३ (अप्रिल १७, २०२६) इरानले रणनीतिक रूपमा अत्यन्तै महत्वपूर्ण मानिने होर्मुज जलडमरू (Strait of Hormuz) व्यापारिक जहाजहरूका लागि पूर्ण रूपमा खुला गरिएको घोषणा गरेको छ । इरानी विदेशमन्त्री अब्बास अराघचीले लेबनानमा जारी युद्धविरामको अवधिसम्मका लागि यो मार्ग खुला रहने जानकारी दिनुभएको हो ।

विदेशमन्त्री अराघचीले सामाजिक सञ्जाल (X) मार्फत भन्नुभएको छ, "लेबनानमा भएको युद्धविरामलाई मध्यनजर गर्दै, होर्मुज जलडमरूबाट हुने सबै व्यापारिक जहाजहरूको आवतजावतलाई बाँकी युद्धविराम अवधिको लागि पूर्ण रूपमा खुला गरिएको घोषणा गरिन्छ।"

**समाचारका मुख्य बुँदाहरू:**

* **व्यापारिक मार्गः** यो घोषणासँगै विश्वको तेल आपूर्तिका लागि मेरुदण्ड मानिने यस जलमार्गबाट व्यापारिक जहाजहरू अब इरानी बन्दरगाह र सामुद्रिक संगठनले तोकेको 'समन्वयात्मक मार्ग' (coordinated route) प्रयोग गरी आवतजावत गर्न सक्नेछन् ।

* **युद्धविरामको प्रभावः** लेबनान र इजरायलबीच १० दिने युद्धविराम लागू भएपछि इरानले यो कदम चालेको हो ।

* **अमेरिकी प्रतिक्रियाः** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको यस निर्णयको स्वागत गर्दै होर्मुज जलडमरू व्यापार का लागि "पूर्ण रूपमा तयार" भएको बताउनुभएको छ । यद्यपि, इरानसँगको पूर्ण सम्झौता नभएसम्म इरानी बन्दरगाह हरूमाथिको अमेरिकी नौसैनिक नाकाबन्दी भने कायमै रहने ट्रम्पले स्पष्ट पार्नुभएको छ ।

* **आर्थिक प्रभावः** इरानको यो घोषणासँगै अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यमा करिब ९ देखि ११ प्रतिशतसम्मको गिरावट आएको छ ।

होर्मुज जलडमरू विश्वको कुल तेल र ग्यास आपूर्तिको झन्डै पाँचौं हिस्सा ओगट्ने महत्वपूर्ण जलमार्ग हो । पछिल्लो समय जारी क्षेत्रीय तनावका कारण यो मार्ग अवरुद्ध हुँदा विश्व अर्थतन्त्रमा नै ठूलो चाप परेको थियो ।

इरान र अमेरिकाबीचको यो नयाँ घटनाक्रमले मध्यपूर्वमा शान्तिको आशा जगाएको छ, यद्यपि दुवै पक्ष अझै पनि स्थायी सम्झौताका लागि वार्ताको क्रममा रहेका छन् ।

# नेपालको आधुनिक विकासका आधारस्तम्भः शाहवंशीय








नेपालको आधुनिक इतिहासमा राजा त्रिभुवन, महेन्द्र र वीरेन्द्रको शासनकाललाई विकास र निर्माणको एउटा महत्वपूर्ण युगका रूपमा
समयमा स्थापित उद्योग, शिक्षण संस्था, र भौतिक पूर्वाधारहरू आज पनि नेपालको विका

काठमाडौं - नेपालको आधुनिक इतिहासमा राजा त्रिभुवन, महेन्द्र र वीरेन्द्रको शासनकाललाई विकास र निर्माणको एउटा महत्वपूर्ण युगका रूपमा स्मरण गरिन्छ । देशलाई आत्मनिर्भर बनाउने र पूर्वाधारको जग बसाल्ने उद्देश्यले सो समयमा स्थापित उद्योग, शिक्षण संस्था, र भौतिक पूर्वाधार-हरू आज पनि नेपालको विकासको मेरुदण्डका रूपमा रहेका छन् ।

## यातायात र सहरी पूर्वाधारको विकास

तत्कालीन समयमा राष्ट्रिय एकता र आवतजावतलाई सहज बनाउन 'महेन्द्र राजमार्ग' (पूर्व-पश्चिम राजमार्ग) को निर्माण एक ऐतिहासिक कदम मानिन्छ । यसका साथै, त्रिभुवन अन्तर्राष्ट्रिय विमान-स्थलले नेपाललाई विश्वसँग जोड्ने मुख्य ढोकाको रूपमा काम गर्यो। सहरी विकासका लागि रत्नपार्क, बिरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, र विभिन्न सहरहरूमा निर्माण गरिएका चोकहरू (महेन्द्र चोक, बिरेन्द्र चोक) ले आधुनिक सहरको परिकल्पनालाई साकार पारेका थिए।

## शिक्षा र स्वास्थ्यको जग

शिक्षाको क्षेत्रमा त्रिभुवन विश्वविद्यालयको स्थापना र ७५ वटै जिल्लामा महेन्द्र बहुमुखी क्याम्पस तथा अन्य बिरेन्द्र बहुमुखी क्याम्पसहरूको विस्तारले नेपालको शैक्षिक स्तर उकास्न ठूलो भूमिका खेलेको छ । त्यस्तै, स्वास्थ्य क्षेत्रमा बिरेन्द्र सैनिक अस्पताल र बिरेन्द्र प्रहरी अस्पताल जस्ता ठूला स्वास्थ्य संस्थाहरूले तत्कालीन समयमा नै गुणस्तरीय उपचारको जग बसालेका थिए । खेलकुदका लागि दशरथ रंगशाला र बिरेन्द्र खेल मैदानहरूको निर्माणले नागरिकको शारीरिक तथा मानसिक स्वास्थ्यमा जोड दिएको थियो ।

## औद्योगिक आत्मनिर्भरताको अभियान

औद्योगिक क्षेत्रमा तत्कालीन सरकारले नेपाललाई आत्मनिर्भर बनाउने लक्ष्य राखेको थियो । हेटौंडा, पाटन, बालाजु, विराटनगर, नेपालगञ्ज, धरान र पोखरामा औद्योगिक क्षेत्रहरूको स्थापना गरिनु यसको प्रमाण हो ।

* **प्रमुख उद्योगहरूः** हेटौंडा सिमेन्ट उद्योग, जनकपुर चुरोट कारखाना, हेटौंडा कपडा उद्योग, भृकुटी कागज कारखाना, बाँसबारी जुत्ता कारखाना, र उदयपुर

# । राजाहरूको कार्यकालमा निर्मित दूरगामी पूर्वाधारहरू





पमा स्मरण गरिन्छ। देशलाई आत्मनिर्भर बनाउने र पूर्वाधारको जग बसाल्ने उद्देश्यले सो विकासको मेरुदण्डका रुपमा रहेका छन् ।




@ एस. आचार्य

सिमेन्ट उद्योग जस्ता ठूला उद्योगहरूले देशको आर्थिक विकासमा योगदान दिएका थिए ।

* **व्यापारिक संस्थानः** साल्ट ट्रेडिङ कर्पोरेशन, नेशनल ट्रेडिङ लिमिटेड, र नेपाल खाद्य संस्थान जस्ता निकायहरूले बजार व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेले ।

## सार्वजनिक सेवा र सञ्चार

राज्य सञ्चालनलाई सहज बनाउन नेपाल विद्युत प्राधिकरण, नेपाल टेलिकम (तत्कालीन नेपाल दूरसञ्चार), रेडियो नेपाल र नेपाल टेलिभिजन जस्ता संस्थाहरूको स्थापना गरियो, जसले सूचना र प्रविधिको पहुँच सर्वसाधारणसम्म पुर्याए। साथै, नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंकले देशको वित्तीय प्रणालीलाई व्यवस्थित र बलियो बनाए ।

## निष्कर्ष

नेपालको आधुनिक विकास प्रक्रियामा त्रिभुवन, महेन्द्र र वीरेन्द्रको कार्यकालमा निर्माण गरिएका यी सयौं पूर्वाधारहरू आज पनि उत्तिकै सान्दर्भिक छन् । बिरेन्द्रनगर, महेन्द्रनगर र त्रिभुवननगर जस्ता सहरहरूको नामकरण र तिनको विकासले तिनताका राज्यले राष्ट्रिय विकासका लागि लिएको दूरदर्शी सोचलाई प्रतिबिम्बित गर्दछ । यी संरचनाहरू केवल भौतिक निर्माण मात्र नभएर नेपाली जनताको मनमुटुमा बस्न सफल नेपालको विकासका गौरवगाथा हुन् ।






# विचारको क्रान्तिः भ्रमको खेती र बिकेको राष्ट्रियता

**@ बाबुराम चुवान**

> जबसम्म हामी डलरमा बिकेका दलाल र विदेशीले लेखिदिएको इतिहासको पछि लाग्छौं, तबसम्म हाम्रो देशले सही बाटो पाउँदैन । हामीलाई आयातित प्रजातन्त्र होइन, हाम्रो माटो सुहाउँदो मौलिक व्यवस्था र राष्ट्रिय एकता चाहिएको छ।

आजको समाज र व्यवस्थालाई हेर्दा मेरो मनमा धेरै गम्भीर प्रश्नहरू उठ्छन् । जुन कुरालाई हामी 'प्रगति' र 'प्रजातन्त्र' भनिरहेका छौं, के त्यो वास्तवमै सत्य हो? मलाई लाग्दैन । मेरो अध्ययन र अनुभवले भन्छ–हामी एउटा ठूलो भ्रमको चक्रव्यूहमा छौं ।

### शिक्षा कि प्रमाणपत्रको व्यापार?

आजभोलि शिक्षा यति सस्तो र अर्थहीन भएको छ कि "पिएचडी भैंसीको सिङ्गमा पनि हुन्छ" भन्दा अत्युक्ति हुँदैन । विश्वविद्यालयबाट उत्पादित विद्वानहरूमा विवेक र नैतिकताको खडेरी छ । शब्दहरूको मूल्य हराएको छ, किनकि "संसारको सबैभन्दा सस्तो चिज शब्द" बनेको छ। बोल्ने एउटा, गर्ने अर्को–यो नै आजको चरित्र हो ।

### बौद्धिक पतन र पश्चिमा अन्धभक्ति

हामीलाई लाग्छ पढे-लेखेका मानिस बढे पछि देश बन्छ । तर यथार्थ उल्टो छ । जुन देशमा पढे-लेखेका विद्वान र बुद्धिजीवी भनिनेहरू बढ्दै जान्छन्, त्यो देश र समाज पतनको बाटोमा जान्छ। पश्चिमा 'मोडल' को अन्धभक्तिले युरोप र अमेरिकाको सामाजिक जग कसरी भत्किँदै छ, त्यो आज हाम्रो अगाडि प्रष्ट छ ।

### नेपाली मुकुण्डो, विदेशी खेताला

नेपालमा आज "ट्रिपल एजेन्टहरू" को कमी छैन । नाम नेपाली छ, नागरिकता नेपाली छ, र नेपाली भाषामै ठूला-ठूला राष्ट्रियताका कुरा गर्छन् । तर, यथार्थमा यिनीहरू विदेशीको खेताला र डलर मा बिकेका दलाल हुन्। यिनीहरू नारा दिन्छन्, विकल्प दिन्छन्, तर कहिल्यै राष्ट्रिय एकताको कुरा गर्दैनन् ।

### इतिहासको भ्रष्टीकरण र सनातनी व्यवस्था

सच्चा इतिहास ज्ञानको ज्योति हो, तर नेपालमा हाम्रो मौलिक इतिहासलाई मेटेर विदेशी एजेन्टहरूको महिमामण्डन गरिन्छ। हाम्रो आफ्नै सनातनी व्यवस्था थियो, जसलाई भत्काउन 'सुकिला-मुकिला' हरूले काल्पनिक कथा बुनेर हामीलाई प्रजातन्त्रको जुलबी खुवाए । आजको यो Democracy भनेको केवल Dissatisfaction (असन्तुष्टि) र Disinformation (भ्रम) को खेती मात्र हो ।

### मेरो निष्कर्ष

जीवन र समाज जहिल्यै पनि एउटै नियमबाट चलेको हुन्छ–त्यो हो सत्य र यथार्थ । जबसम्म हामी डलरमा बिकेका दलाल र विदेशीले लेखिदिएको इतिहासको पछि लाग्छौं, तबसम्म हाम्रो देशले सही बाटो पाउँदैन । हामीलाई आयातित प्रजातन्त्र होइन, हाम्रो माटो सुहाउँदो मौलिक व्यवस्था र राष्ट्रिय एकता चाहिएको छ ।

# भारतीय राजनीतिमा नयाँ अध्याय:

## भाजपाको दबदबा र तमिलनाडुमा 'थलपति' विजयको उदय

- चिरणजिवी पाण्डे

> दक्षिण भारतीय राजनीतिमा सबैभन्दा ठूलो "विस्फोट" तमिलनाडुमा भएको छ। लोकप्रिय अभिनेता थलपति विजयको पार्टी तमिलगा भेत्री semud (TVK) ले आफ्नो पहिलो चुनावमै सान्दार प्रदर्शन गरेको छ।

भारतीय राजनीतिमा सन् २०२६ का विधानसभा चुनावहरूले एउटा ऐतिहासिक मोड ल्याइदिएका छन्। एकातिर भारतीय जनता पार्टी (भाजपा) ले आफ्नो पक्कडलाई थप बलियो बनाउँदै लगेको छ भने अर्कोतिर तमिलनाडुको राजनीतिमा दशकौंदेखि चल्दै आएको 'द्रविडियन' शक्तिको वर्चस्वलाई अभिनेता विजयको नयाँ पार्टीले ध्वस्त पारि दिएको छ।

**१. भाजपाको 'पिक डोमिनेन्स': २१ राज्यमा सत्ताको पदचाप**

हालै सम्पन्न विभिन्न राज्यका चुनावहरूसँगै भाजपा नेतृत्वको गठबन्धन (NDA) अहिले भारतको लगभग ७२% भूभागमा शासन गर्ने अवस्थामा पुगेको छ। भारतीय सञ्चारमाध्यमका अनुसार इन्दिरा गान्धीपछिको यो सबैभन्दा बलियो संघीय उपस्थिति हो।

* **पश्चिम बंगालमा ऐतिहासिक जीत:** तृणमूल कांग्रेसको १५ वर्ष लामो शासनलाई अन्त्य गर्दै भाजपाले बंगालमा ऐतिहासिक विजय हासिल गरेको छ। यो जितलाई भाजपाको पूर्वी भारत




विस्तारको सबैभन्दा ठूलो सफलता मानिएको छ।

* **हिन्दी हृदयस्थलमा पकड:** उत्तर प्रदेश, मध्य प्रदेश र राजस्थान जस्ता राज्यहरूमा आफ्नो आधार क्षेत्र जोगाउँदै भाजपाले उत्तर-पूर्वमा पनि आफ्नो उपस्थितिलाई मजबुत बनाएको छ।

**२. तमिलनाडुमा विजयको 'सुनामी': TVK को शानदार डेब्यु**

दक्षिण भारतीय राजनीतिमा सबैभन्दा ठूलो "विस्फोट" तमिलनाडुमा भएको छ। लोकप्रिय अभिनेता थलपति विजयको पार्टी तमिलगा भेत्री कझगम (TVK) ले आफ्नो पहिलो चुनावमै सान्दार प्रदर्शन गरेको छ।

* **१०० भन्दा बढी सिटमा अग्रता/जित:** मे २०२६ को चुनावी परिणाम अनुसार विजयको पार्टी त्व् ले २३४ सदस्यीय विधानसभामा १०८ सिट जित्दै सबैभन्दा ठूलो दल बनेको छ। अन्तर्राष्ट्रिय मिडिया र भारतीय न्युज एजेन्सीहरूका अनुसार यो विजयले तमिलनाडुमा ५० वर्षदेखि चल्दै आएको DMK र AIADMK को आलोपालो सत्ताको परम्परालाई तोडिदिएको छ।

बाँकी पेज २१ मा...

राजनीति

# सुधन गुरुङ प्रकरणः
## राजनीतिक उदयदेखि राजीनामासम्मको नालीबेली

@ ज्योती आचार्य





काठमाडौं, वैशाख २०८३ नेपाली राजनीतिमा पछिल्लो समय सबैभन्दा चर्चित र विवादित बनेका पात्र सुधन गुरुङले अन्ततः गृहमन्त्रीको पदबाट बिदा लिएका छन् । एउटा आशालाग्दो युवा नेताको छवि बनाएर सत्ताको बागडोर सम्हाल्न पुगेका गुरुङ कसरी २७ दिनमै राजीनामा दिने स्थितिमा पुगे? यसको पृष्ठभूमि 'Gen Z' आन्दोलनभन्दा अलि अगाडिदेखि नै सुरु भएको देखिन्छ ।

**१. राजनीतिक उदय र मन्त्री पदको यात्रा**

पेशाले सफल व्यवसायी र सामाजिक अभियन्ताका रूपमा चिनिएका सुधन गुरुङ २०८२ को निर्वाचनमा भारी मतका साथ निर्वाचित भएका थिए । नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने र भ्रष्टाचार विरुद्ध कडा अभिव्यक्ति दिने शैलीका कारण प्रधानमन्त्री बालेन शाहले उनलाई २०८२ चैत १३ गते मुलुकको शक्तिशाली 'गृह मन्त्रालय'को जिम्मेवारी सुम्पिएका थिए। पदभार ग्रहण गर्दा उनले "प्रशासनमा सुशासन र प्रहरीमा शुद्धिकरण" गर्ने कसम खाएका थिए ।

**२. विवादको बीउः** नीतिगत स्वार्थ र सेयर लगानी

गुरुङ मन्त्री हुनुभन्दा केही समय अघिदेखि नै उनीमाथि केही आर्थिक प्रश्नहरू उठ्न थालेका थिए । विशेषगरीः

- माइक्रो इन्स्योरेन्समा संलग्नताः उनी मन्त्री हुनुअघि नै केही नयाँ माइक्रो इन्स्योरेन्स कम्पनीहरूमा उनको ठूलो लगानी रहेको तथ्य बाहिर आएको थियो ।
- सेयर बजारको 'इन्साइडर ट्रेडिङ': मन्त्री नियुक्त हुने पक्का भएपछि उनले आफ्ना निकटस्थहरूका नाममा केही निश्चित कम्पनीको सेयर खरिद गराएको आरोप लागेको थियो ।

**३. 'Gen Z' आन्दोलन र जनदबाब**

मन्त्री बनेको दुई साता नबित्दै सामाजिक सञ्जालमा #AskSudan र #CleanGovernance जस्ता ह्यासट्यागहरू भाइरल हुन थाले । नयाँ पुस्ताका युवाहरू (Gen Z) ले उनले विगतमा गरेका व्यवसायिक साझेदारी र गृह प्रशासनमा आएपछि ती व्यवसायलाई फाइदा पुग्ने

गरी गरेका केही 'गोप्य' निर्णयहरूको विवरण सार्वजनिक गरिदिए ।

काठमाडौँका सडकमा युवाहरूले "स्वार्थको द्वन्द्व (Conflict of Interest) अन्त्य गर" भन्दै प्रदर्शन सुरु गरे। उनीहरूले उठाएको मुख्य प्रश्न थियो- "जुन व्यक्ति आफैं शंकास्पद लगानीमा मुछिएको छ, उसैले गृह प्रशासन चलाउँदा कसरी निष्पक्ष छानबिन हुन्छ?"

**४. राजीनामा सम्म पुर्‍याउने 'टर्निङ प्वाइन्ट'**

९ वैशाखको बिहान एक राष्ट्रिय दैनिकले सुधन गुरुङको लगानी रहेका कम्पनीहरूले राज्यकोषबाट पाउनुपर्ने सहुलियतमा मन्त्रीको प्रभाव प्रयोग गरी नीतिगत भ्रष्टाचार गरेको प्रमाणसहितको विवरण सार्वजनिक गर्‍यो । यसले गर्दा सरकार माथि ठूलो नैतिक संकट आइपर्‍यो । प्रधानमन्त्री बालेन शाहले पनि "आरोपित व्यक्ति सरकारमा रहँदा सुशासनको नारा कमजोर हुने" संकेत गरेपछि गुरुङले दबाब महसुस गरे ।

**५. नैतिकताको बाटोः राजीनामाको घोषणा**

अन्ततः ९ वैशाख २०८३ मा गुरुङले फेसबुक र ट्वीटरमार्फत आफ्नो राजीनामा घोषणा गरे । उनले आफ्नो राजीनामामा "निष्पक्ष छानबिनका लागि बाटो प्रशस्त गरेको" र "आफू पदमा रहँदा अनुसन्धानमा प्रभाव पर्न नदिने" दाबी गरेका छन् ।

**प्रमुख घटनाक्रमको टाइमलाइनः**

- २०८२ चैत १३ः गृहमन्त्रीमा नियुक्त।
- २०८२ चैत २०ः सेयर र व्यवसायिक लगानीबारे पहिलो पटक सञ्चारमाध्यममा प्रश्न उठ्यो ।
- २०८३ वैशाख २ः 'Gen Z' समूहद्वारा माइतीघर र सामाजिक सञ्जालमा आन्दोलन सुरु ।
- २०८३ वैशाख ७ः मन्त्रीका निकटस्थहरूको घरमा छापा मार्न प्रहरीलाई दबाब ।
- २०८३ वैशाख ९ः नैतिकताको आधार देखाउँदै गृहमन्त्रीको पदबाट राजीनामा ।

सुधन गुरुङको यो बर्हिगमनले नेपाली राजनीतिमा एउटा महत्वपूर्ण सन्देश दिएको छ– अब नेताहरूलाई केवल भाषणका आधारमा मात्र होइन, उनीहरूको विगत र वर्तमानको व्यवसायिक पारदर्शिताका आधारमा पनि जनताले निरन्तर निगरानी गरिरहेका छन् ।

## भारतीय राजनीतिमा नयाँ अध्याय...... बाँकी...

* **दिग्गजहरूको हारः** स्वयं मुख्यमन्त्री एम.के. स्टालिन आफ्नै गढ कोलाथुरमा TVK का उम्मेदवारसँग पराजित हुनु र उदयनिधि स्टालिनको प्रभाव घट्नुले तमिल राजनीतिमा युवा पुस्ताको नयाँ रोजाइ स्पष्ट पारेको छ ।

* वोट शेयरको कीर्तिमानः TVK ले करिब ३५% मत प्राप्त गर्दै नयाँ रेकर्ड कायम गरेको छ, जुन कुनै पनि नयाँ क्षेत्रीय दलको लागि ऐतिहासिक उपलब्धि हो ।

**३. परिवर्तनको संकेत र भावी दिशा**

यो चुनावी नतिजाले भारतीय मतदाताहरूको बदलिँदो मानसिकतालाई संकेत गर्छः

१. **विकल्पको खोजीः** तमिलनाडुमा जनताले पुराना द्रविडियन दलहरूको भ्रष्टाचार र परिवारवादको विकल्पमा विजयलाई रोजेका छन् ।

२. **भाजपाको दक्षिण यात्राः** तमिलनाडुमा विजयको उदयले भाजपालाई प्रत्यक्ष फाइदा नभए पनि DMK जस्ता कट्टर विरोधी दल कमजोर हुनुले राष्ट्रिय स्तरमा भाजपालाई रणनीतिक सहजता मिलेको छ।

३. **सेलिब्रेटी राजनीतिः** एमजीआर र जयललितापछि विजयले प्रमाणित गरिदिएका छन् कि दक्षिण भारतमा सिनेमाको पर्दाबाट सिधै सत्ताको सिंहासनसम्म पुग्ने बाटो अझै पनि उत्तिकै प्रभावकारी छ।

**निष्कर्षः**

सन् २०२६ को यो नतिजाले भारतको नक्सामा राजनीतिक रङ मात्र फेरेको छैन, बरु भविष्यको नेतृत्व कस्तो हुनेछ भन्ने स्पष्ट मार्गचित्र पनि कोरेको छ। एकातिर मोदीको नेतृत्वमा भाजपाको अपराजेय यात्रा र अर्कोतिर विजयको 'पपुलिस्ट' राजनीतिको उदयले आगामी दिनहरू निकै रोचक हुने निश्चित छ ।

**समय सुत्र**



**भाजपाको अखिल भारतीय पहुँच**

- २१ भन्दा बढी राज्यमा भाजपा+ सरकार
- संघीय सरकारको नेतृत्व



**तमिलनाडुमा 'थलपति' विजयको उदय**

- तमिलगा भेत्री कझगम (TVK) का संस्थापक
- २०२६ विधानसभा चुनावमा ऐतिहासिक जीत (१०८ सिट)

सुझाव

# प्रस्तावना र समस्याको पहिचान

## विषय: बनजंगलमा लाग्ने डडेलो नियन्त्रण गर्ने सम्बन्धमा सरकारलाई सुझाव





रामजी रेग्मी
पूर्व सञ्चालक, नेपाल राष्ट्र बैंक


> वन-जंगलको उचित व्यवस्थापन गर्न संघ, प्रदेश र मन्त्रालय स्तरका संरचनाहरू, स्थानीय निकायहरूसँग विभिन्न समितिहरू र पर्याप्त बजेटसहितको खर्चिलो संरचना राज्यसँग रहेका छन् । तर, ती संरचनाहरू यस विषयमा किन संवेदनशील छैनन्?

प्रत्येक वर्ष गर्मी मौसममा (फाल्गुण, चैत्र, वैशाख र जेठ महिनामा) नेपालका अधिकांश वन-जंगलहरूमा लाग्ने डडेलोका कारण राज्यमा विपद्को अवस्था सिर्जना हुने गरेको छ । यस्तो विपद्को अवस्था सिर्जना हुँदा तुरुन्तै नियन्त्रणमा लिई थप समस्या हुनबाट जोगाउनु राज्यको प्रमुख कर्तव्य एवं दायित्व हुन आउँछ । तर, नेपाल राज्यले प्रत्येक वर्ष लाग्ने डडेलो कसले र किन लगाउँदछ, कसरी र कुन समयमा लगाउँदछ, तथा कुन उमेर वा कस्तो मान्छेले लगाउँदछ भन्ने विषयमा पहिचान गर्न र त्यस्ता व्यक्तिहरूलाई जनचेतना जगाउन तथा अटेर गर्नेलाई कारबाही गर्ने सम्बन्धमा राज्य किन नीति, नियम र कानुन बनाउँदैन वा भएका व्यवस्थाहरूको पनि किन कडाइका साथ पालना गराउँदैन, यो दुःखको विषय बनेको छ ।

वन-जंगलको उचित व्यवस्थापन गर्न सङ्घ, प्रदेश र मन्त्रालय स्तरका संरचनाहरू, स्थानीय निकायहरूसँग विभिन्न समितिहरू र पर्याप्त बजेटसहितको खर्चिलो संरचना राज्यसँग रहेका छन् । तर, ती संरचनाहरू यस विषयमा किन संवेदनशील छैनन्? के त्यस्ता संरचनाहरू केवल राजनीतिक पार्टीका कार्यकर्ता भर्ती गर्ने र तिनीहरूलाई भत्ता दिने माध्यम मात्र हुन्?

### पृष्ठ २: राज्यको भूमिका र जनचेतना

एवं वन-जंगलबाट प्राप्त गर्न सकिने सुविधा लिने माध्यम मात्र हुन्? राज्यको नेतृत्व गर्नेलाई यसमा लाज लाग्नुपर्ने हो। यस्तो अवस्थामा राज्य सञ्चालनको ने तृत्व लिएका पदाधिकारीहरूलाई कसले भन्ने वा कसले 'फिडब्याक' (Feedback)



दिने हो? आम नेपाली जनता यस्तो दुःखद अवस्था प्रत्येक वर्ष सिर्जना हुँदा पनि राज्यका सम्बन्धित निकायहरूलाई सुसूचित गर्न किन हिचकिचाउँछन्?

राज्य सञ्चालनमा रहनेलाई सुझाव दिँदा स्याबास पाउनुको साटो कारबाही हुने डर का कारण आम नेपालीले हरेक क्षेत्रको दर्दनाक अवस्था देख्दा पनि राज्यलाई सुझाव नदिने अवस्था सिर्जना भएको त होइन, यस विषयमा पनि छलफल र अध्ययन गर्नुपर्ने बेला आइसकेको छ। डडेलोको विषयसँग राज्य सरोकार जोडिएकोले यस विद्यमान प्रवृत्तिलाई रोक्न तत्काल स्थानीय निकायका सबै वडा कार्यालयहरूमार्फत आम नेपाली दाजुभाई तथा दिदीबहिनीहरूलाई डडेलो लगाउनु अपराध हो र यसमा ठूलो कारबाही हुने बारे जानकारी गराउन माथिल्लो निकायबाट तल्लो निकायहरूलाई निर्देशन हुन आवश्यक देखिन्छ । वन-जंगलमा आगलागीबाट किरा, फट्याङ्ग्रा, सर्प, भ्यागुता, वन्यजन्तु, चराचुरुङ्गी आदि मर्ने र वातावरणीय असन्तुलन हुने अवस्था सिर्जना भइरहेको छ ।

## पृष्ठ ३ः वातावरणीय प्रभाव र नैतिकता

यसैगरी क्षतिको अवस्था हेर्ने हो भने प्रत्येक वर्ष अर्बौं रुपैयाँ बराबरको र मूल्यमा मापन गर्न नसकिने प्राकृतिक सम्पत्तिको क्षति भइरहेको छ । वास्तवमा यो पृथ्वी सबै प्राणीहरूको साझा घर हो र यहाँ सबै प्राणीको उपस्थिती एवं बाँच्न पाउने अधिकार सुनिश्चित हुन आवश्यक छ । प्रकृतिले पृथ्वीलाई स्वच्छ र सन्तुलित राख्न विभिन्न प्राणीहरूको सृजना गरेको कुरालाई मनन नगरी हामीले डडेलो लगाउने वा नियन्त्रण नगर्ने कार्य गरिरहेका छौं । यसले गर्दा हाम्रो इकोसिस्टम नै 'कोल्याप्स' (Collapse) हुन सक्ने अवस्था सिर्जना हुन सक्दछ, जुन कुरा हामी सबैले समयमै बुझ्न जरुरी छ ।

१ जना मानिसले अर्को १ जना मानिसलाई मार्दा जन्मकैद भोग्नुपर्ने कानुनी प्रावधान छ । तर, हजारौं मानिसले लाखौं वन्यजन्तु, चराचुरुङ्गी, किरा, फट्याङ्ग्रा, वनस्पति र मानव बस्तीलाई हानि पुऱ्याउँदा कुनै कारबाही नहुनु दयनीय छ । यस वर्ष पनि आगलागीको प्रकोप हुने अवस्था छ, त्यसैले यस्तो अवस्था आउनुपूर्व नै राज्यले जनतालाई सुसूचित गराउनु आवश्यक छ। डडेलोबाट हुने विपद् व्यवस्थापन राज्यको कार्यक्षेत्रभित्र पर्ने भएकाले यसलाई राष्ट्रिय महत्वको विषय मान्नुपर्छ ।

## पृष्ठ ४ः कार्यान्वयनका लागि सुझावहरू (भाग १)

राज्यबाट यी सुझावहरू कार्यान्वयनमा आउने विश्वाससहित निम्न प्रस्तावहरू अगाडि सारिएको छः

* सबै नागरिकले जानकारी पाउने गरी सबै वडा कार्यालयसम्म पुग्ने गरी सरकार बाट लिखित रूपमा डडेलो लगाउन नहुने बारे निर्देशन जारी गरिनुपर्छ ।

* कसैले डडेलो लगाएमा स्थानीय निकाय र वडावासी मिलेर तत्काल डडेलो नियन्त्रण गर्ने व्यवस्था मिलाउन सबै वडा कार्यालयहरूलाई निर्देशन दिनुपर्छ ।

* डडेलो लगाउनेलाई कारबाही गर्ने कडा नियम/कानुन छैन भने तत्काल निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्छ ।

* वन-जंगलमा डडेलो लगाउनेलाई डडेलोको प्रकृति र क्षति हेरी 'मान्छे मारे सरह' को कारबाही हुनेबारे सबै नेपालीलाई जानकारी गराउन व्यापक प्रचार-प्रसार हुनुपर्छ ।

* आगोलागी देख्ने व्यक्तिलाई जानकारी गराउने र नियन्त्रणमा सहयोग गर्ने स्थानीयलाई नगद पुरस्कार र प्रशंसा-पत्रद्वारा सम्मान गर्ने व्यवस्था मिलाउनुपर्छ ।

* डडेलो लगाउन नहुनेबारे जनचेतना मूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

## पृष्ठ ५ः कार्यान्वयनका लागि सुझावहरू (भाग २) र वैज्ञानिक दृष्टिकोण

* आगलागी गरेमा हुने कारबाहीका बारेमा ज्ञानमूलक सूचना दिने व्यवस्था वडा कार्यालयहरूमार्फत मिलाउनुपर्छ ।

* आगोलागी नियन्त्रण गर्ने उपकरण एवं साधन प्रत्येक स्थानीय निकायहरूसँग हुने व्यवस्था मिलाउनुपर्छ ।

* एक-आपसमा समन्वय गरी आगोलागी नियन्त्रण गर्ने परम्परा बसाल्नुपर्छ ।

अन्तमा, विश्वका धेरैजसो देशहरूले आगो लागीको समस्या भोगिरहेका छन् र ठूलो मानवीय एवं वातावरणीय क्षति व्यहोर्नु परेको छ। ठूला वन-जंगल भएका देशहरूमा प्राकृतिक रूपमा (चट्याङबाट) पनि आगो लाग्ने गरेको छ। त्यसलाई तुरुन्तै निभाउने प्रभावकारी संयन्त्र विश्वमै निर्माण हुन सकेको देखिँदैन। यस तर्फ वैज्ञानिकहरूको ध्यान जानु आवश्यक छ; जब विभिन्न ग्रहमा मान्छे पठाउने, एक ठाउँबाट हानेको बमले विश्वको धेरै टाढासम्म क्षति पुऱ्याउन सक्ने प्रविधि निर्माण हुन सक्छ भने, आगोलागीलाई तुरुन्तै नियन्त्रण गर्न सक्ने संयन्त्र किन निर्माण गर्न नसकिने?

## पृष्ठ ६ः निष्कर्ष

नेपालको सन्दर्भमा भन्नुपर्दा, राज्यले लिने हरेक निर्णय समसामयिक, व्यावहारिक र कार्यान्वयन गर्न सकिने खालको हुनुपर्छ। यसो हुन सकेमात्र राज्य समृद्ध, विकसित, सभ्य र लोककल्याणकारी हुन सक्छ । यस कुरालाई मनन गरी आगोलागीले पुऱ्याउने ठूलो क्षतिप्रति प्रत्येक नागरिक सचेत र संवेदनशील हुने गरी सरकारले आवश्यक नीति, नियम र कानुन निर्माण गरी कडाइका साथ कार्यान्वयनमा ल्याई नेपाललाई डडेलो मुक्त राज्यका रूपमा विश्वमा चिनाउने अवस्था सिर्जना होस्, हामी सबै नेपालीको यही चाहना रहेको छ ।



# सनसनीपूर्ण खुलासा: 'भगवान' डा. सन्दुक रुइतको मानवीय मिसन, जसलाई अमेरिकाले बनायो उत्तर कोरियाभित्र 'जासुसी' गर्ने हतियार!

**@सुनिल के.सी.**

> बाहिरबाट हेर्दा यो विशुद्ध एउटा पवित्र मेडिकल मिसन थियो, जसको उद्धेश्य अन्धकारमा बाँचिरहेका मानिसहरूलाई उज्यालो दिनु थियो। तर भित्रभित्रै, यो विश्वकै सबैभन्दा खतरनाक, क्रूर र रहस्यमय देश 'उत्तर कोरिया' को मुटुमा गरिएको एउटा अत्यन्तै जोखिमपूर्ण 'अन्डरकभर अपरेसन' थियो!

काठमाडौं (विशेष रिपोर्ट): बाहिरबाट हेर्दा यो विशुद्ध एउटा पवित्र मेडिकल मिसन थियो, जसको उद्देश्य अन्धकारमा बाँचिरहेका मानिसहरूलाई उज्यालो दिनु थियो । तर भित्रभित्रै, यो विश्वकै सबैभन्दा खतरनाक, क्रूर र रहस्यमय देश 'उत्तर कोरिया' को मुटुमा गरिएको एउटा अत्यन्तै जोखिमपूर्ण 'अन्डरकभर अपरेसन' थियो!

सन् २००६ मा नेपालका प्रख्यात नेत्ररोग विशेषज्ञ डा. सन्दुक रुइत एक हजारभन्दा बढी उत्तर कोरियाली नागरिकको मोतिबिन्दु शल्यक्रिया गर्न प्योङयाङ पुगेका थिए । तर, यो पवित्र मानवीय मिसनलाई अमेरिकी मिडियाले उत्तर कोरियाको अभेद्य पर्खाल भत्काउने र त्यहाँको भित्री रहस्य बाहिर ल्याउने अचूक 'ढाल' (Cover) को रूपमा प्रयोग गरेको एक सनसनीपूर्ण तथ्य बाहिर आएको छ ।

**काठमाडौंबाटै रचिएको थियो खतरनाक योजना !**

उत्तर कोरिया यस्तो देश हो जहाँ अमेरिकी पत्रकारहरूलाई प्रवेश मात्र होइन, उनीहरूको नाम सुन्न पनि निषेध छ। तर, नेसनल जिओग्राफिककी प्रसिद्ध अमेरिकी पत्रकार लिसा लिङ् र उनका क्यामेराम्यान ब्रायनले त्यही प्रतिबन्ध तोड्ने खतरनाक खेल खेले । उनीहरूले आफूलाई 'पत्रकार' नभई डा. रुइतको 'मेडिकल टिमको सदस्य' र 'मेडिकल विद्यार्थी' को भेषमा प्रस्तुत गरे ।

काठमाडौंको एक गोप्य होटेलको कोठामा रचिएको थियो त्यो डरलाग्दो योजना । उत्तर कोरियाली अधिकारीहरूको कडा स्क्यानिङ छल्न उनीहरूले आफ्ना क्यामेरा हरूलाई तन्ना र मेडिकल उपकरणको बाकसभित्र लुकाएका थिए । यो मृत्युसँगको प्रत्यक्ष खेल थियो !

**किमसत्ताको आँखा छल्दै 'अन्डरकभर' अपरेसन**

बाँकी पेज २६ मा...



# "बालेन सरकार" को अध्यादेश प्याकेजः व्यवस्था सुधार्ने 'सर्जिकल स्ट्राइक' कि संसद्को उपेक्षा?

@ जिवन आचार्य

> संसद्मा दुई-तिहाइ नजिकको बहुमत (१८२ सिट) भए पनि सरकारले नियमित विधायीकी प्रक्रियालाई छलेर 'फास्ट ट्र्याक' बाट सुधार गर्न खोजे पछि राजनीतिक वृत्तमा नयाँ बहस सिर्जना भएको छ ।

काठमाडौं, वैशाख २०८३ – प्रधानमन्त्री बालेन शाह नेतृत्वको सरकारले मुलुकको प्रशासनिक, न्यायिक, शैक्षिक र सामाजिक संरचनामा आमूल परिवर्तन गर्ने लक्ष्यसहित ६ वटा शक्तिशाली अध्यादेशहरू प्रमाणीकरणका लागि राष्ट्रपति समक्ष सिफारिस गरेको छ। संसद्मा दुई-तिहाइ नजिकको बहुमत (१८२ सिट) भए पनि सरकारले नियमित विधायीकी प्रक्रियालाई छलेर 'फास्ट ट्र्याक' बाट सुधार गर्न खोजेपछि राजनीतिक वृत्तमा नयाँ बहस सिर्जना भएको छ ।

**१. संवैधानिक नियुक्तिमा 'एक्जुकेटिभ' नियन्त्रण**

सबैभन्दा महत्वपूर्ण मानिएको 'संवैधानिक परिषद् सम्बन्धी अध्यादेश' ले नियुक्ति प्रक्रियालाई सरल तर शक्तिशाली बनाएको छ ।

नयाँ व्यवस्थाः परिषद्का ६ सदस्यमध्ये अब अध्यक्ष (प्रधानमन्त्री) सहित केवल ३ सदस्यको उपस्थितिमा निर्णय गर्न सकिनेछ ।

**प्रभावः** यसले विपक्षी दलको नेताको भूमिकालाई कमजोर बनाउँदै रिक्त रहेका प्रधानन्यायाधीश, अख्तियार प्रमुख र निर्वाचन आयुक्त जस्ता पदहरूमा सरकारलाई एकलौटी नियुक्तिको बाटो खोलिदिएको छ । विगत ७ महिनादेखि कार्यवाहकको भरमा चलेका संवैधानिक निकायहरूले अब नयाँ नेतृत्व पाउने निश्चित छ ।

**२. सहकारी पीडितका लागि 'न्यायको हतियार'**

करिब ८७ अर्बको ठगी र ३० लाख पीडितको मुद्दालाई सम्बोधन गर्न 'सहकारी ऐन संशोधन अध्यादेश' ल्याइएको छ ।

**चक्रिय राहत कोषः** यसले साना बचत-

कर्तालाई तत्काल रकम फिर्ता गर्न राज्यको ग्यारेन्टीमा कोष स्थापना गर्नेछ ।

**सम्पत्ति जफतः** राष्ट्रिय सहकारी नियामक प्राधिकरण (NCRA) लाई सहकारी ठगहरूको व्यक्तिगत सम्पत्ति जफत गर्ने र नयाँ सहकारीलाई लाइसेन्समा कडाइ गर्ने पूर्ण कानुनी अधिकार दिइएको छ ।

**३. विश्वविद्यालयमा राजनीति निषेधको 'कानुनी ग्यारेन्टी'**

शिक्षा क्षेत्रलाई राजनीतिक हस्तक्षेपमुक्त बनाउन 'विश्वविद्यालय तथा स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी अध्यादेश' ल्याइएको छ ।

**युनियनमा प्रतिबन्धः** यसले विश्वविद्यालय र अस्पताल हाताभित्र राजनीतिक छात्र संगठन र कर्मचारी युनियनका गतिविधि-माथि प्रतिबन्ध लगाउने कानुनी आधार दिएको छ ।

**पुनरावलोकनः** दलगत भागबण्डाका आधारमा गरिएका विगतका नियुक्तिहरू-लाई खारेज गरी मेरिटोक्रेसी (योग्यता प्रणाली) लागू गर्ने प्रावधान यसमा छ ।

**४. स्वास्थ्य सेवामा आम नागरिकको पहुँच**

'केही नेपाल ऐन संशोधन अध्यादेश' मार्फत स्वास्थ्य क्षेत्रमा दुई ठूला परिवर्तन प्रस्ताव गरिएको छः

निजी अस्पतालले १० प्रतिशत शय्या निःशुल्क दिनुपर्ने नियम कार्यान्वयन नगरे मा इजाजतपत्र (लाईसेन्स) खारेज हुने कडा व्यवस्था ।

सरकारी अस्पताललाई युनियनमुक्त बनाउने र सेवा प्रवाहमा बाधा पुऱ्याउनेलाई विभागीय कारबाही गर्ने व्यवस्था ।

**प्रधानमन्त्रीको 'डेलिभरी' भर्सेस विपक्षीको 'प्रक्रिया'**

संसद्मा स्पष्ट बहुमत हुँदाहुँदै अध्यादेशको बाटो रोज्नुलाई सरकारले "संसदीय समितिको सुस्तता र तत्कालको आवश्य-कता" भनेर बचाउ गरेको छ । सरकारको तर्क छ– "जनतालाई परिणाम चाहिएको छ, संसदीय प्रक्रियाको ६ महिने ढिलासुस्ती होइन ।"

तर, विपक्षले यसलाई "संसदीय लोक-तन्त्रमाथिको प्रहार" र सत्ता कब्जा गर्ने नियतको रूपमा टिप्पणी गरेको छ । उनीहरूका अनुसार संसद् छल्नु भनेको जनताको सार्वभौम अधिकारको अपमान हो ।

**निष्कर्ष**

बालेन शाहको यो कदमले नेपालको शक्ति संरचनालाई नै परिवर्तन गर्ने संकेत दिएको छ । यदि यी अध्यादेशहरू राष्ट्रपति-बाट स्वीकृत भए र प्रभावकारी रूपमा कार्यान्वयन भए भने यसले मुलुकको सुशासनमा नयाँ मानक स्थापना गर्न सक्छ । तर, प्रक्रिया मिचिएको आरोपले सरकारको 'नैतिक धरातल' माथि भने प्रश्न चिन्ह खडा गरिदिएको छ ।

अब सबैको ध्यान शीतल निवासतिर छ– राष्ट्रपति रामचन्द्र पौडेलले यी 'सुधारवादी तर विवादास्पद' अध्यादेशहरूलाई लालमोहर लगाउँछन् वा संसद्मै पठाउन सुझाव दिन्छन्?

**बाँकी .....**

## सनसनीपूर्ण खुलासाः 'भगवान' डा. सन्दुक रुइतको मानवीय मिसन......

प्योङयाङ पुग्नेबित्तिकै उनीहरूको पासपोर्ट र मोबाइल जफत गरियो । हरेक पाइलामा निगरानी राख्न ८ जना उत्तर कोरियाली जासुस (Minders) हरू खटाइएको थियो । तर, अमेरिकी टोलीले उनीहरूकै नाकमुनिबाट जासुसी शैलीमा रिपोर्टिङ गर्यो ।

एकातिर डा. सन्दुक रुइत अपरेसन थिएटरमा बिरामीहरूको आँखामा ज्योति भर्दै थिए, अर्कोतिर अमेरिकी पत्रकार लिसा लिङ् 'मेडिकल रेकर्डिङ' को बहानामा उत्तर कोरियाको भोक, गरिबी, कुपोषणले ग्रस्त बालबालिका र तानाशाही सत्ताको खोक्रोपनलाई गोप्य क्यामेरामा कैद गर्दै थिइन् । डा. रुइतको सेवाभाव उनीहरूको लागि संसारकै सबैभन्दा सुरक्षित प्रवेशद्वार बनेको थियो ।

पोल खुलेको भए के हुन्थ्यो? सिधै मृत्युदण्ड वा कठोर श्रम शिविर !

यदि उत्तर कोरियाली सुराकीहरूले लिसा लिङ् एक अमेरिकी पत्रकार हुन् भन्ने चाल पाएको भए के हुन्थ्यो? यो प्रश्नले मात्र पनि आङ सिरिङ्ग हुन्छ । लिसा आफैंले डकुमेन्ट्रीमा स्वीकार गरेकी छन् कि उनी त्यतिबेला निकै सीधै थिइन् र कसैले गुगल गर्दैन भन्ने सोचेकी थिइन् । यदि उनीहरूको सक्कली पहिचान खुलेको भए डा. रुइतसहित सम्पूर्ण टोलीले उत्तर कोरियाको क्रूर जेल (Hard Labor Camp) मा जीवन बिताउनुपर्ने हुन सक्थ्यो वा उनीहरूलाई सिधै मृत्युदण्डको सजाय दिइन्थ्यो ।

**निष्कर्षः सेवाको छातामा अन्तर्राष्ट्रिय भूराजनीतिको खेल**

डा. सन्दुक रुइतको उद्देश्य नितान्त पवित्र थियो–मानिसलाई दृष्टि दिनु । उनी राजनीतिभन्दा धेरै माथि थिए । तर, यो घटनाले देखाउँछ कि कसरी पश्चिमा मिडियाले एउटा डाक्टरको निस्वार्थ सेवा र मानवीय मिसनलाई आफ्नो स्वार्थ पूरा गर्ने रणनीतिक हतियार बनाए । सन्दुक रुइत उत्तर कोरियाका लागि 'भगवान' बनेर गएका थिए, तर उनीसँगै गएको टोलीले भने विश्वसामु उत्तर कोरियाको पर्दाफास गर्ने 'जासुसी' मिसन फत्ते गरेरै छाड्यो!




# अब गुणस्तरहीन गुन्द्रुक बेच्न नपाइने

@ सम्दिप मल्ल ठकुरी

काठमाडौं । नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले गुन्द्रुकको अनिवार्य गुणस्तर मापदण्ड कार्यान्वयनमा ल्याएको छ । वर्षौंदेखि परम्परागत रूपमा उत्पादन हुँदै आएको गुन्द्रुकमा अब स्वच्छता र गुणस्तरका निश्चित मापदण्डहरू पुरा गर्नुपर्नेछ ।

**के के छन् त नयाँ मापदण्डहरू?**

सरकारले तोकेको मापदण्ड अनुसार बजारमा पाइने गुन्द्रुकमा निम्न विशेषताहरू हुनु अनिवार्य छः

* **स्वच्छता र सफाइः** गुन्द्रुक पूर्ण रूपमा स्वच्छ र सफा हुनुपर्छ ।

* **स्वाभाविक स्वाद र बास्नाः** यसमा गुन्द्रुकको मौलिक र स्वाभाविक स्वाद एवं बास्ना हुनुपर्छ ।

* **अशुद्धताको अभावः** गुन्द्रुकमा कुनै पनि प्रकारको ढुसी, किरा वा बाह्य फोहोर हुनुहुँदैन ।

* **गुणस्तरीय र सुरक्षितः** उत्पादन प्रक्रिया देखि प्याकेजिङसम्म स्वास्थ्यका दृष्टिकोणले सुरक्षित हुनुपर्नेछ ।

**गुन्द्रुकमा के के हुनुहुँदैन?**

मापदण्डले गुन्द्रुकमा मिसावट हुन सक्ने सम्भावित हानिकारक तत्वहरूलाई कडाइका साथ निषेध गरेको छ । अब गुन्द्रुकमा निम्न वस्तुहरू भेटिएमा त्यसलाई गुणस्तरहीन मानिनेछः

* **रौं र भुसः** प्याकेट वा खुल्ला गुन्द्रुकमा रौं वा धानको भुस जस्ता वस्तु हुन पाउने छैन ।

* **माटो र बालुवाः** उत्पादन गर्दा वा सुकाउँदा मिसिने माटो र बालुवा पूर्ण रूपमा हटाउनुपर्नेछ ।

* **प्लास्टिक र सिसाः** स्वास्थ्यका लागि अत्यन्त घातक मानिने प्लास्टिकका टुक्रा वा सिसाका कणहरू हुनुहुँदैन ।

**किन आवश्यक छ यो मापदण्ड?**

सरकारले यो कदम चाल्नुका मुख्य उद्देश्यहरू यस प्रकार रहेका छन्:

बाँकी पेज २९ मा...




# अध्यादेशको 'महाभारत': संसद् छल्ने चोरबाटो र लोकतन्त्रमाथिको जोखिम

**जनार्दन देवकोटा**

> तर, विडम्बना के छ भने, सरकारहरूले 'तत्काल आवश्यक परेको' वस्तुगत पुष्ट्याइँ भन्दा पनि राजनीतिक स्वार्थ सिद्ध गर्न यसलाई बढी प्रयोग गरे । विगतका केही वर्षमा देखिएका परिदृश्यहरू निकै रोचक र घातक छन् ।

नेपालको संसदीय इतिहासमा 'अध्यादेश' शब्द जति संवैधानिक छ, त्यति नै राजनीतिक दाउपेचको अस्त्र बन्दै आएको छ । संविधानले विशेष परिस्थितिमा सरकारलाई कानुन बनाउने असाधारण अधिकार दिए पनि पछिल्ला वर्ष हरूमा यसको प्रयोग "संसद् छल्ने र शासन टिकाउने" रणनीतिको रूपमा बढी हुन थालेको छ । जब-जब संसद्को अधिवेशन बोलाउनुपर्ने बेला हुन्छ वा चलिरहेको अधिवेशन हठात् अन्त्य गरिन्छ, तब अध्यादेशको चर्चा सुरु हुन्छ । यो अभ्यासले मुलुकलाई एउटा यस्तो 'अध्यादेशको महाभारत' तर्फ धकेल्दै छ, जहाँ लोक-तान्त्रिक मूल्य र मान्यताहरू कौरव पक्ष झैं अल्पमतमा पर्दै गएका छन् ।

### संसद्को मानमर्दन र कार्यपालिकाको मोह

संविधानको धारा ११४ मा स्पष्ट व्यवस्था छ– संसद्को दुवै सदनको अधिवेशन चलिरहेको अवस्थामा बाहेक तत्काल केही गर्न आवश्यक परेमा मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले अध्यादेश जारी गर्न सक्नेछन्। तर, विडम्बना के छ भने, सरकारहरूले 'तत्काल आवश्यक परेको' वस्तुगत पुष्ट्याइँ भन्दा पनि राजनीतिक स्वार्थ सिद्ध गर्न यसलाई बढी प्रयोग गरे ।

विगतका केही वर्षमा देखिएका परिदृश्यहरू निकै रोचक र घातक छन् । तत्कालीन केपी शर्मा ओली नेतृत्वको सरकारले संवैधानिक परिषद्को कार्यविधि बदल्न ल्याएको अध्यादेश होस् वा शेरबहादुर

देउवा नेतृत्वको सरकारले राजनीतिक दल विभाजनलाई सहज बनाउन ल्याएको अध्यादेश– यी दुवै घटनामा एउटा समानता थियो: संसद्को उपेक्षा। संसद्को अधिवेशन अन्त्य गरेको २४ घण्टा नबित्दै अध्यादेश ल्याइनुले जननिर्वाचित प्रतिनिधिहरूको थलोलाई सरकारले आफ्नो रबर स्टाम्प मात्र बनाउन खोजेको प्रष्ट हुन्छ ।

**राष्ट्रपतिको भूमिका र संवैधानिक मर्यादा**

अध्यादेशको यात्रा शीतल निवास नपुगी पूर्ण हुँदैन । नेपालको अभ्यासमा राष्ट्रपतिको भूमिका अक्सर रबर स्टाम्पको रूपमा खुम्चिएको आरोप लाग्ने गरेको छ। मन्त्रिपरिषद्ले सिफारिस गरेका विवादास्पद अध्यादेशहरूमा पनि राष्ट्रपतिबाट तत्कालै लालमोहर लाग्नुले 'चेक एण्ड ब्यालेन्स' को सिद्धान्तमाथि प्रश्न उठाएको छ । नागरिकता सम्बन्धी अध्यादेश होस् वा शपथ सम्बन्धी, राष्ट्रपतिको सक्रियता वा मौनता राजनीतिक कित्ताका आधारमा बाँडिएको देखिनुले संस्थाकै गरिमामा आँच पुर्‍याएको छ ।

**फाइदा र बेफाइदाको सन्तुलन**

**अध्यादेश आफैँमा खराब औजार भने होइन ।**

* **सकारात्मक पक्ष:** मुलुकमा अचानक आइपर्ने संकट, जस्तै महामारी (कोभिड -१९), प्राकृतिक विपत्ति वा कानुनी शून्यताको अवस्थामा यो एउटा सञ्जीवनी बुटी हो । संसद् नभएको बेला मुलुकलाई गतिहीन हुन नदिन यो आवश्यक छ ।

* **नकारात्मक पक्ष:** यो छोटो अवधिको हुन्छ (संसद् बसेको ६० दिनभित्र पारित हुनुपर्ने) । यदि पारित भएन भने यसले कानुनी जटिलता र अस्थिरता निम्त्याउँछ। अध्यादेशमार्फत गरिएका नियुक्ति र निर्णयहरू पछि अदालतमा चुनौतीपूर्ण बन्छन्, जसले राज्यको ढुकुटी र समय दुवै बर्बाद गर्छ ।

**घातक पक्ष: शक्ति पृथकीकरणको अन्त्य**

अध्यादेशको अत्यधिक मोहले अन्ततः 'शक्ति पृथकीकरण' (Separation of Powers) को जग नै हल्लाइदिन्छ । कानुन बनाउने अधिकार संसद्को हो । जब कार्यपालिकाले चोर बाटोबाट कानुन बनाउन थाल्छ, तब विधायिकाको अस्तित्व समाप्त हुन्छ । यसले बिस्तारै मुलुकलाई 'अधिनायकवाद' तर्फ डोऱ्याउँछ । संसद्मा हुने दफावार छलफल, विपक्षीको आलोचना र जनताको सुझावलाई लत्याएर ल्याइने कानुनले जनअपनत्व प्राप्त गर्न सक्दैन ।

**निष्कर्ष**

अध्यादेश 'अपवाद' मा मात्र प्रयोग हुनुपर्ने संवैधानिक प्रावधान हो, तर यसलाई 'नियम' बनाउन खोज्नु नेपाली राजनीतिको विद्रूप अनुहार हो । संसद्को अधिवेशन रोकेर वा संसद्लाई बिजनेस नदिई अध्यादेश मार्फत शासन चलाउनु लोकतन्त्रको उपहास हो । यदि यो प्रवृति नरोकिने हो भने, संसद् एउटा क्लब जस्तो र सरकार एउटा निरंकुश शासक जस्तो बन्ने खतरा रहन्छ । अध्यादेशको महाभारतमा अब 'संवैधानिक नैतिकता' को कृष्णले अर्जुन रूपी नागरिकलाई सचेत गराउने बेला आएको छ ।

## बाँकी.....

## अब गुणस्तरहीन गुन्द्रुक बेच्न नपाइने

१. उपभोक्ताको स्वास्थ्य सुरक्षा: गुणस्तरहीन र फोहोर गुन्द्रुकको सेवनबाट हुने स्वास्थ्य जोखिम कम गर्न ।

२. स्वच्छ उत्पादनको प्रवर्द्धन: उत्पादकहरूलाई स्वच्छ र व्यावसायिक उत्पादनतर्फ आकर्षित गर्न ।

३. स्थानीय उत्पादनलाई प्रोत्साहन: घरेलु उत्पादनलाई व्यवस्थित गरी ब्रान्डिङ गर्न सहयोग पुग्ने ।

४. निर्यातमा सहयोग: गुणस्तर सुनिश्चित भएपछि नेपाली गुन्द्रुकलाई विदेशमा निर्यात गर्न सहज हुनेछ ।

**निष्कर्ष:**

नेपाली भान्साको अभिन्न अङ्ग मानिने गुन्द्रुकलाई गुणस्तरीय बनाउने सरकारको यो प्रयास सराहनीय छ । यसले नेपाली मौलिक उत्पादनको सम्मान बढाउनुका साथै 'स्वच्छ गुन्द्रुक खाऔँ, स्वस्थ रहौँ' भन्ने नारालाई सार्थक बनाउनेछ । उपभोक्ताहरूले पनि खरिद गर्दा लेबल र गुणस्तर जाँच गरेर मात्र लिने बानी बसाल्नु आवश्यक छ ।




# शिक्षा क्षेत्रमा नयाँ तरंगः

## अध्यादेशमार्फत शैक्षिक परामर्श सेवालाई कानुनी मान्यता

**@ अजय श्रेष्ठ**

> क्षेत्रगत विज्ञ तथा सरोकारवालाहरूका अनुसार, नयाँ कानुनले केही अनिश्चितता ल्याए तापनि यसले दीर्घकालीन रूपमा क्षेत्रको स्थिरता र विकासमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

काठमाडौं । सरकारले हालै जारी गरेको “केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३” मार्फत शिक्षा क्षेत्रमा महत्वपूर्ण कानुनी परिवर्तन गरेको छ। यस अध्यादेशको दफा ५ ले शिक्षा ऐन, २०२८ को दायरालाई विस्तार गर्दै “शैक्षिक कार्यक्रम” अन्तर्गत शैक्षिक परामर्श सेवालाई समेत स्पष्ट रूपमा समेटेको छ ।

यसअघि स्पष्ट कानुनी परिभाषाको अभावमा केही अलमलमा रहेको शैक्षिक परामर्श क्षेत्रले यो संशोधनपछि औपचारिक कानुनी मान्यता प्राप्त गरेको छ । यस कदमलाई शिक्षा क्षेत्रका सरोकारवालाहरूले निकै चासोका साथ हेरिरहेका छन् ।

### सरोकारवालाको दृष्टिकोणः अन्योलबीच आशाको किरण

लामो समयदेखि शैक्षिक परामर्श र व्यवस्थापनमा संलग्न सरोकारवालाहरूले यस परिवर्तनलाई सकारात्मक तर चुनौतीपूर्ण मानेका छन् । क्षेत्रगत विज्ञ तथा सरोकारवालाहरूका अनुसार, नयाँ कानुनले केही अनिश्चितता ल्याए तापनि यसले दीर्घकालीन रूपमा क्षेत्रको स्थिरता र विकासमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ ।

एक सरोकारवालाका अनुसार, “परिवर्तनले सधैं केही अनिश्चितता ल्याउँछ, तर आउने नियम र आधिकारिक स्पष्टीकरणहरूले पारदर्शिता र स्थायित्व प्रदान गर्नेमा हामी आशावादी छौं” ।

### नियमावली र निर्देशिकाको प्रतिक्षा

अध्यादेशले कानुनी बाटो खोले पनि यसको पूर्ण कार्यान्वयनका लागि विस्तृत प्रावधानहरू आउन बाँकी नै छ । अब बन्ने नयाँ नियमावली तथा निर्देशिकाहरूले कार्यान्वयनका पक्षहरूलाई अझ स्पष्ट पार्ने र यस क्षेत्रको वृत्ति विकासमा मद्दत पुऱ्याउने विश्वास लिइएको छ ।

विशेष गरी शैक्षिक परामर्श सेवालाई कसरी व्यवस्थित गरिनेछ र यसका मापदण्डहरू के हुनेछन् भन्ने विषयमा सरकारी निर्देशिकाले नै अन्तिम रूप दिनेछ। यस कानुनी मान्यताले नेपालको शैक्षिक परामर्श क्षेत्रलाई थप जिम्मेवार र मर्यादित बनाउने अपेक्षा गरिएको छ ।



# सिड्नीको ताराेङ्गा जुमा नेपालीपनः

## गैंडा 'हरि' र संरक्षणको सफलताको उत्सव सिड्नी, अस्ट्रेलिया

@ ज्योती आचार्य

सिड्नीको मुटुमा रहेको प्रसिद्ध ताराेङ्गा जु (Taronga Zoo) मा हालै एउटा भिन्नै माहोल देखियो । चिडियाखानाको 'राइनो रिजर्भ' खण्डमा नेपाली लोक संगीतको धुन गुन्जिरहेको थियो भने आगन्तुकहरू मेहेन्दी र नेपाली कलामा झुमिरहेका थिए । यो अवसर थियो– १.८ टनको एउटा सिङ्गे गैंडा 'हरि' को सम्मान र नेपालको वन्यजन्तु संरक्षणमा प्राप्त ऐतिहासिक सफलताको उत्सव ।

न्यू साउथ वेल्स (NSW) स्थित नेपाली महावाणिज्य दूतावाससँगको विशेष सहकार्यमा आयोजित यो कार्यक्रमले सिड्नीमा रहेका नेपाली समुदाय र स्थानीय अस्ट्रेलियालीहरूलाई एउटै सूत्रमा बाँध्ने काम गर्‍यो ।

### सांस्कृतिक पुल र संरक्षणको सन्देश

उत्सवमा परम्परागत नेपाली नृत्य र संगीतको प्रस्तुतिले अस्ट्रेलियाली भूमिमा नेपालको झल्को दिएको थियो । गैंडा 'हरि' का लागि नेपाली कला र रङहरूले सजाइएका विशेष ब्यारेलहरू राखिएका थिए, जसले उसलाई आफ्नो प्राकृतिक परिवेशको आभास दिलाउनुका साथै शारीरिक रूपमा सक्रिय रहन मद्दत गर्ने उद्देश्य राखेको थियो। हरिसँगै जलभैंसीहरू बाबु, काह्न र साहसीको उपस्थिति देख्दा लाग्थ्यो, सिड्नीको एउटा कुनामा सानो चितवन राष्ट्रिय निकुञ्ज नै जीवन्त भएको छ ।

### नेपालको विश्वव्यापी नेतृत्वको प्रशंसा

कार्यक्रमको मुख्य उद्देश्य मनोरञ्जन मात्र नभई नेपालले वन्यजन्तु संरक्षणमा हासिल गरेको विश्वकै उदाहरणीय सफलतालाई उजागर गर्नु पनि थियो । कुनै समय सयको हाराहारीमा खुम्चिएका एउटा सिङ्गे गैंडाको संख्या अहिले करिब ४,००० पुग्नुमा नेपालको संरक्षण नीति र समुदायको योगदानलाई विश्वले सम्मानका साथ हेर्ने गर्दछ ।

ताराेङ्गा जुमा हरिको उपस्थितिले नेपाल र अस्ट्रेलियाबीचको वातावरणीय र सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ बनाएको छ । सन् २०२१ मा अस्ट्रेलियामै जन्मिएको हरि अहिले सिड्नीको प्रमुख आकर्षण मध्येको एक बनेको छ ।

### पर्यटकका लागि आकर्षण

चिडियाखाना प्रशासनले हरिको बारेमा थप जिज्ञासा मेटाउन हरेक दिन दिउँसो १:३० बजे 'राइनो किपर टक' आयोजना गर्ने गरेको छ । यहाँ पुग्ने जोकोहीले हरि को कथासँगै नेपालको संरक्षण गाथा पनि सुन्न पाउनेछन् ।

यो उत्सवले एकातिर प्रवासमा रहेका नेपालीहरूलाई आफ्नो माटो र गौरवसँग जोडेको छ भने अर्कोतिर अन्तर्राष्ट्रिय मञ्चमा नेपाललाई 'संरक्षणको नायक' का रूपमा पुनः स्थापित गरेको छ ।

# च्याम्पियन्स लिग फाइनलः उपाधिका लागि आर्सनल र PSG बीच ऐतिहासिक भिडन्त तय

@ सन्दिप म. ठकुरी




लन्डन/पेरिस

युरोपेली क्लब फुटबलको महाकुम्भ 'युइएफए च्याम्पियन्स लिग' को फाइनलमा यसपटक आर्सनल र पीएसजी (PSG) बीच प्रतिस्पर्धा हुने भएको छ । बुधबार राति भएको दोस्रो सेमिफाइनलमा साविक विजेता पीएसजीले बायर्न म्युनिखलाई रोक्दै फाइनलमा स्थान पक्का गरेसँगै यो समीकरण तयार भएको हो ।

**फाइनलसम्मको यात्राः**

* **आर्सनलः** मिकेल आर्टेटाको टोली आर्सनलले सेमिफाइनलमा स्पेनिस क्लब एट्लेटिको मड्रिडलाई समग्रमा २-१ को नतिजाले हराउँदै फाइनलको यात्रा तय गरेको हो । पहिलो लेगमा १-१ को बराबरी खेलेको आर्सनलले दोस्रो लेगमा बुकायो साकाको निर्णायक गोलको मद्दतले १-० को जित निकाल्दै २० वर्षपछि पहिलो पटक फाइनलमा पुग्न सफल भएको हो।

* PSGM अर्कोतर्फ, साविक विजेता पीएसजीले जर्मन टोली बायर्न म्युनिखलाई गोलको वर्षा भएको सेमिफाइनलमा समग्रमा ६-५ ले पराजित गर्‍यो। पहिलो लेगमा ५-४ को अग्रता लिएको पीएसजीले दोस्रो लेगमा १-१ को बराबरी खेल्दै लगातार दोस्रो पटक च्याम्पियन्स लिगको फाइनलमा स्थान सुरक्षित गरेको हो ।

**खेलको महत्वः**

आर्सनलका लागि यो इतिहास रच्ने अवसर हो । क्लबको इतिहासमा दोस्रो पटक मात्र फाइनल पुगेको आर्सनल पहिलो च्याम्पियन्स लिग ट्रफीको खोजीमा छ । सन् २००६ मा बार्सिलोना सँग पराजित भएपछि आर्सनल अहिले लयमा फर्किएको छ । अर्कोतर्फ, पीएसजी आफ्नो उपाधि रक्षा (Title Defense) गर्ने दाउमा रहेको छ ।

**फाइनल खेलको विवरणः**

* **मितिः** शनिबार, ३० मे, २०२६

* **स्थानः** पुस्कास एरेना, बुडापेस्ट (हंगेरी)

* **मुख्य खेलाडीः** आर्सनलका तर्फबाट कप्तान मार्टिन ओडेगार्ड र बुकायो साका मुख्य आकर्षण हुनेछन् भने पीएसजीका लागि उस्मान डेम्बेले र टोलीको सन्तुलित प्रदर्शन निर्णायक बन्न सक्छ ।

युरोपको राजा को बन्नेछ भन्ने कुराको छिनोफानो आगामी मे ३० मा बुडापेस्टको मैदानमा हुनेछ । विश्वभरका फुटबल प्रेमीहरू यो 'ब्लकबस्टर' फाइनलको पर्खाइमा छन् ।